नेकपा अध्यक्षद्वयको घनीभूत छलफलपछि प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले बुधबार साँझ मन्त्रिपरिषद् पुनर्गठन गरेकी छन् । राष्ट्रपति कार्यालयले बुधबार विज्ञप्ति जारी गरी राष्ट्रपति भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा नियुक्ति, हेरफेर र कार्यविभाजन गरेको जनाएको छ । राष्ट्रपतिले मन्त्रिपरिषद् पुनर्गठन गर्ने संवैधानिक प्रावधान हो । राष्ट्रपति भण्डारीले ओली सरकार गठन भएको २१ महिनापछि मन्त्रिपरिषद् पुनर्गठन गरेकी हुन् । ओलीले दोस्रो पटक ३ फागुन २०७४ मा सरकारको नेतृत्व लिएका थिए । पुनर्गठनमा केही मन्त्रीलाई हटाइएको छ भने केही नयाँ अनुहार ल्याइएको छ । केहीको मन्त्रालय परिवर्तन गरिएको छ । छ मन्त्री र तीन राज्यमन्त्री गरी नौ जना नयाँ अनुहारका रूपमा आएका छन् । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल, परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, ऊर्जामन्त्री वर्षमान पुन, अर्थमन्त्री डा. युवराज खतिवडा, गृहमन्त्री रामबहादुर थापा बादल, सञ्चारमन्त्री गोकुल बाँस्कोटा, शिक्षा मन्त्री गिरीराजमणि पोखरेल, पर्यटन मन्त्री योगेश भट्टराई, सहरी विकास मन्त्री मोहम्मद इस्तियाक राई, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याल, युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) र खानेपानी मन्त्री बिना मगरको जिम्मेवारी यथावत् राखिएको छ ।

हुन त मन्त्रिपरिषद् फेरबदलका अन्तर्यमा अन्तरपार्टी संघर्षका पेचिला दाउपेचहरु हुन सक्छन् । पूर्व एमालेभित्रको अन्तरद्वन्द्वको कुरा त ज्यूँका त्यूँ छँदैछ, यता पूर्व माओवादी केन्द्रलाई पनि सन्तुलनमा लिएर जानु छ । विश्लेषकहरुले सिंगो सरकारको कार्य क्षमतामा आएको कमजोरी ढाकछोप गर्न आम जनताको ध्यान अर्कोतर्फ विकर्षित गर्न मन्त्रिमण्डल परिवर्तन वा हेरफेरको नाटक मञ्चन गरिएको अनुमान गरेका छन् । विदा गरिएका मन्त्रीहरु गम्भीर प्रकृतिका कुनै पनि काण्ड वा घटनामा सामेल भएका थिएनन् । गोकर्ण बिष्ट जस्ता केही मन्त्रीहरुले त सरकारको

# नाम यसरी रह्यो घैलाडुब्बा...



इन्द्रसिंह राजवंशी

पूर्व-पश्चिम लोकमार्गदेखि करिब पाँच किलोमिटर दक्षिणमा झापाको पुरानो मध्येको घैलाडुब्बा बजार अवस्थित छ। लक्ष्मीपुरदेखि घेराबारीसम्मको हिमाली सडक घैलाडुब्बा बजार हुँदै जाने गर्दछ। त्यही ऐतिहासिक घैलाडुब्बा बजार पर्ने कनकाई नगरपालिका वडा नं. ९ को आफ्नै विशिष्टता रहेको छ। साविक घैलाडुब्बा गाउँ पञ्चायत हुँदै घैलाडुब्बा गाउँ विकास समितिको वडा नं. ५, ६ र ७ लाई समेटेर २०७२ सालमा कनकाई नगरपालिकाको वडा नं. ९ बनाइएको हो। पूर्वमा बिर्तामोड नगरपालिका-२ को सीमाना घाग्रा खोला, पश्चिममा विरीङ नदी, उत्तरमा कनकाई नगरपालिका वडा नं. ८ र दक्षिणमा बाह्रदशी गाउँपालिकाको वडा नं. ६ र ७ ले घेरिएको यस वडाको क्षेत्रफल ५.४९ वर्ग किलोमिटर रहेको छ। त्यसैगरी, यस वडामा कूल आठ सय ११ बिगाह जग्गा रहेको छ।

जस अनुसार साविक घैलाडुब्बा-५ मा दुई सय ६७ बिगाह ८ कठ्ठा १५ धुर, वडा नं. ६ मा एक सय ३९ बिगाह १ कठ्ठा १४ धुर र वडा नं. ७ मा चार सय चार बिगाह ९ कठ्ठा १९ धुर जग्गा रहेको छ। यस वडामा सात सय ८५ घर धुरी र जनसंख्या तीन हजार नौ सय २१ रहेको छ। हिन्दू, बौद्ध, इस्लाम र इसाई धर्मका धर्मावलम्बी रहेको यस वडामा २५ भन्दा बढी जातजातिको बसोबास पाइन्छ। यस क्षेत्रमा बसोबास गर्ने ब्राह्मण, क्षत्री, राजवंशी, चौधरी, सन्थाल, तराई माझी, यादव, मुस्लिम, मुसहर, मण्डल, सुँडी, गोश्वामी, दर्जी, कामी, राई, लिम्बू, गुरुङ, मगर, खवास, तामाङ, नेवार, साह, कर्ण, सार्की लगायतका जातिबीच जातीय सहिष्णुता र मेलमिलाप पाइन्छ। घैलाडुब्बा बजार, टेकनारायणबारी, लकडीगद्दी, मन्त्रीबारी, नयाँ देउनियाबारी, टोपालालबारी, पशुहाट, नमूना टोल, (होलीपारी), सुकुम्बासी टोल, घुसुकपुर, सयपत्री टोल (घाग्रा छेउ), हुलुकुचु गाउँ, सन्थाल गाउँ, दियालो बस्ती, थापा गाउँ लगायतका बस्तीहरु मिलेर यस वडा बनेको छ।

राजवंशी भाषाको 'झाप' अर्थात् 'छोपिएको' शब्दबाट नामाकरण गरिएको झापा जिल्लाको

बताउँछन् भने खेती मजदुरीमा जाने थारुहरुले जरुवा पानीमा घैला डुबाएर पानी पिउने गरेकाले घैलाडुब्बा भनिएको अर्काथरीको तर्क छ।

त्यस्तै माटोको भाडा बनाउने कुमालहरु भाँडाकुँडा बेच्न बजार जाँदा नुकुनी खाडीमा उनीहरुको घैला डुबेपछि त्यही घटनाबाट यस ठाउँको नाम घैलाडुब्बा रहन गएको भनाइ पनि सुन्न सकिन्छ। हालको कनकाई नगरपालिकाको ९ नं. वडा कार्यालयदेखि उत्तरपट्टि २००६ सालदेखि घैलाडुब्बा हाट लाग्न थालेको हो। टेकनारायण राजवंशी, जितलाल राजवंशी, कल्ठु राजवंशी, दधि राजवंशी, मासु राजवंशी, ग्रहण राजवंशी लगायतको अगुवाईमा जंगल भएको ठाउँमा हाट लगाइएको हो। हाट लगाइएको ठाउँ साघुँरो भएकाले त्यसलाई केही बर्षपछि दक्षिणपट्टि सारियो। पुरानो ठाउँबाट नयाँ ठाउँमा सारिएपछि त्यसलाई नयाँ हाट भनिन थालियो। राणाकालीन समयमा जिम्दार र पट्वारीहरुले आ-आफ्नो मौजामा शासन चलाउने गर्थे।

यहाँको सिन्दुरमुछी मौजाको कार्यभार जिम्दार देवीप्रसाद उप्रेतीले धेरै बर्षसम्म चलाउनुभयो भने उहाँ अघि ब्रह्मलाल राजवंशी र भद्रपुरका डुम्बर काँयाले पनि जमिन्दारी चलाएको बुढापाकाहरु बताउँछन्। सात दशकअघिको घैलाडुब्बा बजार स्थापना गर्न कम अप्ठ्यारो थिएन। ग्राहक र व्यापारीहरु आउन नमानेपछि बिक्री नभएको सामानहरु खरिद गरिदिने शर्त राखेर बजार कमिटीले हाट लगाएको थियो। त्यो शर्त अनुसार व्यापारीहरुको सामान उहाँहरुले किन्नु पनि परेको थियो। शुरुमा किराना, सागसब्जी, दही जस्ता सामानको किनबेच भएको थियो भने हाटमा दुईवटा मात्र चिया पसल रहेका थिए।

काँसघारी थियो। बजारमा १२/१३ वटा घर मात्र थियो। हटियाको दिन दुई/चार जना मात्र आउँथे। स्थायी व्यापारी कोही थिएनन्। त्यसबेला यहाँको बजारलाई नयाँहाट भनिन्थ्यो। म वडाध्यक्ष भएको बेला दुर्गा मन्दिर बनायौँ। पुराण लगाएर दशैंको फुलपातिको दिन मूर्ति राखियो।

**बुधलाल राजवंशी, (६५ बर्ष) :**

साविक घैलाडुब्बा गाविस कार्यालयदेखि उत्तरपट्टि हाट लगाइएको हो। ठाउँ साँघुरो भएकाले पछि त्यसलाई दक्षिणपट्टि सारियो। त्यहाँ पश्चिमपट्टि खोल्सा थियो भने छेउमा मसान घाट। पुरानो ठाउँबाट सारिएपछि नयाँ हाट भनियो। सिन्दुरमुछी भद्रालोको नामबाट यस मौजाको नाम सिन्दुरमुछी राखिएको हो। घैलाडुब्बा हाट शुरुमा साधारण थियो। दुई वटा चिया पसल थिए। घैलाडुब्बा बजार लाग्नुअघि यहाँका मानिसहरु थोक सामान किन्न भद्रपुर र खुद्रा सामान किन्न बिर्ताबजार जाने गर्दथे। पुरानो बजार क्रिष्टझारमा रहेको कृष्ण मन्दिरलाई ग्रहण राजवंशीले नयाँ हाट घैलाडुब्बामा पदस्थापन गर्नुभयो।

**शिवनारायण राजवंशी, (५७ बर्ष) :**

दलदल माटोको बड चाउनी (ठूलो फाँट) भएकाले यसलाई बड चौनी पनि भनिन्थ्यो। दलदल माटोमा भाडाकुँडा पनि अडिदैनथ्यो। राणाकालमा जातीय उत्थानका लागि डाँगीबारीका जिम्दार हंशनारायण चौधरीको अगुवाईमा झापा जिल्ला राजवंशी समाज सुधार संघ गठन गरिएको थियो। सोही संगठनको मन्त्री पदमा मेरा पिता जितलाल राजवंशी रहनु भएको थियो। पेटानी, बालविवाह, चुम्ना प्रथा जस्ता कुरीतिहरुलाई हटाउने उहाँहरुले

**अन्नप्रसाद राजवंशी, (७९ बर्ष) :**

वास्तवमा राजवंशीहरुकै पहलमा घैलाडुब्बा हाट लागेको हो। शुरुमा सामानहरुको खासै बिक्री हुँदैनथ्यो। सामान्यरुपमा सागसब्जीहरु बिक्री हुन्थ्यो। जितलाल राजवंशी र टेकनारायण राजवंशीले पहल गरेर घैलाडुब्बा लक्ष्मीपुर सडक बनाउनु भयो। जंगल र झाडी भएको ठाउँलाई सफा गरेर घैलाडुब्बा हाट लगाइएको थियो।

**नापीलाल राजवंशी, (८५ बर्ष) :**

घैलाडुब्बा बजार भएको ठाउँमा काँसघारी रहेको थियो। सिमलको बोट भएकाले सिमलबारी पनि भनिन्थ्यो। यहाँको माटो निकै दलदले थियो र अझै छ। एक ठाउँमा खुट्टा टेक्दा दलदल पुरै हल्लिन्थ्यो। हलो जोत्दा गोरु भाँसिन्थ्यो। २००७ सालपछि राजमार्गसँग जोडिने उत्तर दक्षिण बाटो बनिएको हो। २०१६ सालमा यहाँ क्याम्प बसेको थियो। देवीप्रसाद उप्रेतीले जमिन्दारी चलाउनुभन्दा अघि भद्रपुरका मारवाडी डुम्बर काँया जिम्दार रहनुभएको थियो। अहिलेको बजार क्षेत्रमा मसान घाट रहेको र बैकुनलाल राजवंशी (गाइन बुढा)ले मुर्दाघाटबाट अस्थिपञ्जर पन्छाउनु भएको थियो। अहिलेको लखरीगद्दीमा राणाशासनकै बेलामा काठको डिपो रहेको थियो। काठको डिपो राखिएकाले त्यहाँको नाम लखरीगद्दी रहन गएको हो।

**हरिबहादुर कटुवाल, (६७ बर्ष) :**

मुलुकको राजनीति तथा सामाजिक परिवर्तनको पक्षमा घैलाडुब्बा (कनकाई-९) को २००७ सालको क्रान्तिदेखि नै देवीप्रसाद उप्रेती, विष्णुप्रसाद पोखरेल लगायतका व्यक्तिहरुको सक्रिय र अहम् सहभागिता देखिन्छ। देवीप्रसाद उप्रेती पूर्वीय सरकारको शिक्षा र



जिल्लाकै पुरानो बजारको रुपमा रहेको घैलाडुब्बाको अपेक्षाकृत विकास र विस्तार हुन सकेको छैन। यस बजारमा दुईवटा होलसेल किराना, १२ वटा किराना खुद्रा पसल, चार वटा घुम्ती, तीन वटा हार्डवेयर,

अभियान नै सञ्चालन गर्नुभएको थियो। देवीप्रसाद उप्रेतीभन्दा अगाडि ब्रह्मलाल राजवंशी सिन्धुरमुछी मौजाको जिम्दार हुनुहुन्थ्यो। सरकारी मालपोत तिर्न नसकेर उहाँले जमिन्दारी छोड्नु भयो।

अर्थमन्त्री समेत हुनु भएको थियो। पछि झापा विद्रोहमा केपी ओली, रामनाथ दाहाल, गौरा प्रसाईं, आरके मैनाली, नेत्र घिमिरे, नरप्रसाद चुँडाल, मीनप्रकाश राजवंशी, खड्ग पकुवाल, टीका प्रसाईं, हरि कटुवाल,



## सडक निम



**बिर्तामोड, मंसीर ५।** झापाको बिर्तामोड- ५ धर्मकाँटा रोड नम्बर २ को सडक निर्माण गरिने भएको छ। सडक निर्माण गर्न स्थानियबासी जुटेपछि सडक निर्माण गरिने भएको हो।

सडक निर्माण गर्न स्थानियबासीले पारस संग्रौलाको अध्यक्षतामा सडक निर्माण उपभोक्ता समिति निर्माण गरेका छन्। नवगठित समितिको उपाध्यक्ष खड्गबहादुर थापा, सचिव मुखीलाल बराइली, कोषाध्यक्ष कल्पना

## उपाधिका लागि दम



**बिर्तामोड, मंसीर ५।** झापाको बिर्तामोडमा भइरहेको प्रथम धिमाल राष्ट्रिय फुटबल कपको उपाधिका लागि दमक नगरपालिका र कानेपोखरी नगरपालिका बीच प्रतिस्पर्धा हुने भएको छ।

डोमालाल राजबंशी रङ्गशालामा भएको सेमीफाइनल खेलमा विजयी हुँदै दमक र कानेपोखरीको टिम फाइनलमा पुगेका हुन्। पहिलो सेमीफाइनलमा कानेपोखरीले पथरीलाई १-० ले र दोस्रो सेमीफाइनलमा दमकले उर्लाबारीलाई २-० ले पराजीत गरेका थिए। दुवै सेमीफाइनल खेलका उत्कृष्ट खेलाडीलाई सजेश शिवाकोटी र जलकुमार गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए।

धिमाल जातिका युवालाई खेलकुदका माध्यमबाट अगाडि बढाउन धिमाल सेवा समाजको आयोजनामा


तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) र खानेपानी मन्त्री बिना मगरको जिम्मेवारी यथावत् राखिएको छ ।

हुन त मन्त्रिपरिषद् फेरबदलका अन्तर्यमा अन्तरपार्टी संघर्षका पेचिला दाउपेचहरु हुन सक्छन् । पूर्व एमालेभित्रको अन्तरद्वन्द्वको कुरा त ज्यूँका त्यूँ छँदैछ, यता पूर्व माओवादी केन्द्रलाई पनि सन्तुलनमा लिएर जानु छ । विश्लेषकहरुले सिंगो सरकारको कार्य क्षमतामा आएको कमजोरी ढाकछोप गर्न आम जनताको ध्यान अर्कोतर्फ विकर्षित गर्न मन्त्रिमण्डल परिवर्तन वा हेरफेरको नाटक मञ्चन गरिएको अनुमान गरेका छन् । विदा गरिएका मन्त्रीहरु गम्भीर प्रकृतिका कुनै पनि काण्ड वा घटनामा सामेल भएका थिएनन् । गोकर्ण बिष्ट जस्ता केही मन्त्रीहरुले त सरकारको शान राख्न नै भूमिका खेलेका थिए । आम श्रमिकका लागि ल्याइएको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गतको योगदानमा आधारित निवृत्तिभरण योजना नेपालको इतिहास मै अभूतपूर्व रहेको छ । वैदेशिक रोजगारमा जानेका लागि पनि विगतका वर्षहरुभन्दा बढी सुधार आएको जगजाहेर छ । जे होस्, प्रधानमन्त्रीको स्वविवेकी अधिकार प्रयोग गरी मन्त्रिमण्डलमा थपघट र हेरफेर गरिएको छ । दुई तिहाइको समर्थन प्राप्त सरकारले आम जनताले अनुभूत गर्ने गरी समयसीमा किटान गरी मन्त्रीहरुलाई आफ्नो कार्यक्षमता प्रदर्शन गर्ने अवसर दिइनुपर्छ र सृजनात्मक रुपमा नयाँ कार्यक्रमहरु ल्याई लागू गर्न सकेमात्र मन्त्रिमण्डल पुनर्गठनको सार्थकता हुन सक्छ । नेपालकै इतिहासमा सादगी प्रधानमन्त्रीको छबि बनाएका मनमोहन अधिकारी नेतृत्वको नौ महिने सरकारले २०५१ सालमा 'वृद्धभत्ता', 'आफ्नो गाउँ आफैं बनाऔं' जस्ता लोकप्रिय कार्यक्रम ल्याएको थियो, जसको प्रभाव अहिलेसम्म पनि छ । तसर्थ, यो सरकारले पनि त्यसैगरी जनतालाई प्रत्यक्ष अनुभूति हुने कार्यक्रम ल्याएर परिवर्तनको आभाष दिन नसक्ने हो भने मन्त्रिमण्डल पुनर्गठन पालो पुर्‍याउने खेल जस्तो मात्र हुनसक्छ ।

मुस्लिम, मुसहर, मण्डल, सुँडी, गोश्वामी, दर्जी, कामी, राई, लिम्बू, गुरुङ, मगर, खवास, तामाङ, नेवार, साह, कर्ण, सार्की लगायतका जातिबीच जातीय सहिष्णुता र मेलमिलाप पाइन्छ । घैलाडुब्बा बजार, टेकनारायणबारी, लकडीगद्दी, मन्त्रीबारी, नयाँ देउनियाबारी, टोपालालबारी, पशुहाट, नमूना टोल, (होलीपारी), सुकुम्बासी टोल, घुसुकपुर, सयपत्री टोल (घाग्रा छेउ), हुलुकुचु गाउँ, सन्थाल गाउँ, दियालो बस्ती, थापा गाउँ लगायतका बस्तीहरु मिलेर यस वडा बनेको छ ।

राजवंशी भाषाको 'झाप' अर्थात् 'छोपिएको' शब्दबाट नामाकरण गरिएको झापा जिल्लाको इतिहासलाई खासै खोतल्ने प्रयास भएको छैन । जंगलैजंगलले छोपिएको यो जिल्लामा विगतमा आदिवासीहरुकै वर्चस्व रहेको थियो । राजवंशी, ताजपुरिया, धिमाल, गनगाई, मेचे, सन्थाल जस्ता भूमिपुत्र आदिवासीहरुको बसोबास यहाँ परापूर्वकालदेखि रहेको पाइन्छ । यद्यपि वर्तमानमा उनीहरु विस्थापित हुँदै गएका छन् । झापा जिल्लामा भद्रपुर बजार प्रमुख व्यापारिक केन्द्र रहेको थियो । त्यसपछि बिर्ताबजार, शनचरी (शनिश्चरे), घैलाडुब्बा, बाह्रदशी त्यसबेलाका चल्ती हाटबजार हुन् ।

घैला अर्थात् गाग्रा डुबेको घटनापछि घैलाडुब्बा नाम रहन गएको पूर्वजहरु बताउँछन् । घैला डुबेरै घैलाडुब्बा रहन गएको कुरा यकिन भए पनि घटना र घटना पात्रहरुको बारेमा फरक-फरक भनाई सुन्न पाइन्छ । दल-दल माटो भएको यस ठाउँमा राजवंशीहरुले खेतमा खाजा पुर्‍याउँन जाँदा भुइँमा राखेको घैला डुबेकाले घैलाडुब्बा रहन गएको कोही



जिल्लाकै पुरानो बजारको रुपमा रहेको घैलाडुब्बाको अपेक्षाकृत विकास र विस्तार हुन सकेको छैन । यस बजारमा दुईवटा होलसेल किराना, १२ वटा किराना खुद्रा पसल, चार वटा घुम्ती, तीन वटा हार्डवेयर, चार वटा रेडिमेट कपडा, दुई वटा जुत्ताचप्पल, दुई वटा स्टेशनरी तथा मनिहारी, दुई वटा मनिहारी, दुई वटा भाडा तथा गिफ्ट आइटम, दुई वटा ब्यूटीपार्लर, दुई वटा मलखाद बिक्री केन्द्र, एउटा ज्वेलरी र छ वटा धान काँटा रहेका छन् । त्यस्तै कुटानी र पिसानी गर्ने चार वटा धान मिल, एउटा फर्निचर उद्योग, नौ वटा चिया-नास्ता पसल, १० वटा कोल्ड ड्रिङ्क्स पसल, चार वटा फार्मेसी, तीन वटा भेटनरी, छ वटा फ्रेस हाउस, छ वटा टेलर्स, दुई वटा मोटरसाइकल ग्यारेज र तीन वटा साइकल मर्मत सेन्टर सञ्चालनमा रहेका छन् । त्यस्तै, घैलाडुब्बामा जिल्लाकै पुरानो तथा ठूलो पशुहाट लाग्ने गरेको छ । झापा जिल्ला र जिल्ला बाहिरका पशुचौपायाहरुको किनबेच हुने गरेको छ । घैलाडुब्बामा हप्तामा दुई पटक मंगलबार र शुक्रबार हाट लाग्ने गरेको छ ।

**घैलाडुब्बाका बारेमा यसो भन्छन् स्थानीय :**

**गंगाप्रसाद उप्रेती, (७६ बर्ष) :**

२०१० सालमा म घैलाडुब्बा आइपुग्दा यहाँका अभियान नै सञ्चालन गर्नुभएको थियो । देवीप्रसाद उप्रेतीभन्दा अगाडि ब्रह्मलाल राजवंशी सिन्धुरमुछी मौजाको जिम्दार हुनुहुन्थ्यो । सरकारी मालपोत तिर्न नसकेर उहाँले जमिन्दारी छोड्नु भयो ।

**धर्मकला प्रसाईं, (७८ बर्ष) :**

२०१२ सालमा १३ वर्षको उमेरमा गंगाप्रसाद प्रसाईं (भान्जाबाबु)सँग मेरो विवाह भयो । त्यतिबेला घैलाडुब्बा बजारमा दुई/चार वटा साना टहरा मात्र थिए । पहाडबासीहरु खासै थिएनन् । २०१४ सालमा हाम्रै घरमा बसेर आदर्श विद्या मन्दिरको नामाकरण गरियो । विद्यालय सञ्चालक समितिको अध्यक्षमा जिम्दार देवीप्रसाद उप्रेती, उपाध्यक्ष टेकनारायण राजवंशी, सचिव गंगाप्रसाद प्रसाईं (भान्जाबाबु), सहसचिवमा कामेश्वर दत्त र कोषाध्यक्षमा विष्णुप्रसाद पोखरेल रहनुभएको थियो । दश वर्षसम्म विद्यालयको सञ्चालक समितिमा बसेर मैले विभिन्न काम गरेको अनुभव छ । २०११ सालमा घैलाडुब्बामा ठूलो बाढी आएको थियो । कृष्णबहादुर खत्रीले जामुनबारीबाट डुंगा ल्याएर उद्धार गर्नुभएको थियो । पछि २०६० सालमा बिरिङको बाढी पस्दा घैलाडुब्बामा निकै क्षति भएको थियो ।

अर्थमन्त्री समेत हुनु भएको थियो । पछि झापा विद्रोहमा केपी ओली, रामनाथ दाहाल, गौरा प्रसाईं, आरके मैनाली, नेत्र घिमिरे, नरप्रसाद चुँडाल, मीनप्रकाश राजवंशी, खड्ग पकुवाल, टीका प्रसाईं, हरि कटुवाल, नन्दकुमार प्रसाईं, सूर्य उप्रेती, शान्ति पोखरेल, नारायण संग्रौला लगायतको संलग्नता रहेको थियो । त्यसरी नै २०३६ साल र २०४६ सालको परिवर्तनमा समेत यस वडाको अहम् भूमिका देखिन्छ । त्यस्तै, प्रजातान्त्रिक आन्दोलनमा धनञ्जय उप्रेती, धर्मकला प्रसाईं, राम घिमिरे, टीका प्रसाईं लगायतले अग्रणी भूमिका निर्वाह गर्नुभएको थियो ।

**धनबहादुर तामाङ, (७६ बर्ष) :**

२००४ सालामा तराई झर्दै त्यसको आठ वर्षपछि म घैलाडुब्बाको मनषापुरमा बसाइँसरी आएँ । त्यतिबेला यो ठाउँमा जंगल, काँसघारी र खोलानाला मात्र थियो । आउने बाटाघाटा थिएनन् । २००६ सालअघि यहाँ बजार थिएन । मानिसहरु नजिकैको बाह्रदशी बजार जान्थे । २०३९ सालमा म घैलाडुब्बा गाउँ पञ्चायतको उपप्रधानपञ्च हुँदा दुर्गापुरदेखि चम्पापुरसम्मको बाटो बनायौं । विद्यालय र रेडक्रसको विभिन्न पदमा बसेर मैले सामाजिक कार्यहरुमा योगदान दिएको छु ।

# बच्चालाई रुघाखोकी लागे के गर्ने ?

**डा. सुजीता भण्डारी**

रुघाखोकी एक प्रकारको सामान्य रोग हो । बयस्कको तुलनामा बच्चाहरु रुघाखोकीको बढी जोखिममा हुन्छन् । किनभने उनीहरुको प्रतिरक्षात्मक प्रणाली बयस्कको जस्तो विकसित भइसकेको हुँदैन । प्रायः बच्चालाई वर्षको ६ देखि ८ पटकसम्म रुघाखोकी लाग्नेगर्छ । तर, विद्यालय जाने बच्चामा त अझ धेरै पटक लाग्छ । किनभने सानो ठाँउ र नजिकको सम्पर्कमा यो रोग सजिलै फैलिन्छ ।

शरीरको प्रतिरक्षात्मक प्रणालीको विस्तारै विकास हुने भएकोले ६ वर्षपछि रुघाखोकी लाग्न कम हुँदै जान्छ । हुन त, बाह्रैमास रुघाखोकी लाग्नसक्ने भए तापनि जाडो र मौसम परिवर्तन हुने समय अलि बढी रुघाखोकी लाग्छ । किनकि यो समयमा बच्चाहरु प्रायः घरभित्रै बस्छन् र यो बेला रुघाखोकी लगाउने किटाणु (भाइरस) धेरै हुन्छन् ।

सानो ठाँउमा (घरभित्र) एक जनालाई रुघाखोकी लाग्यो भने यो सजिलै फैलिन्छ । जाडो मौसममा हावामा हुने आर्द्रता (ह्युमिडिटी) पनि कम हुन्छ, जसले नाक सुक्खा बनाउँछ र रुघाखोकीको जोखिम बढ्छ । रुघाखोकी भाइरस भन्ने किटाणुहरुले गराउँछन्, जसले नाक र घाँटीमा संक्रमण गर्छ । रुघाखोकी लागेको व्यक्तिको सम्पर्कमा आउँदा बच्चामा रुघाखोकी सर्छ र वातावरणमा दुई सयभन्दा धेरै फरक किसिमका रुघाखोकी लगाउने भाइरस छन् ।

**माध्यम के हो ?**

जब रुघाखोकी लागेको व्यक्तिले हाच्छियूँ वा खोक्छन्, भाइरस सानो मात्रामा हावामा फैलिन्छ । त्यसपछि यदि बच्चाले त्यस हावामा श्वास लियो भने भाइरस नाकाबाट श्वास नलीमा जान्छ । अर्को माध्यम हो, प्रत्यक्ष सम्पर्क । यो सबैभन्दा बढी रुघाखोकी लाग्ने सामान्य माध्यम हो । संक्रमित व्यक्तिलाई छोएर, हात नधोई नाक, आँखा, मुख छोयो भने यो भाइरस सर्छ । र, प्रायः स-साना बच्चाले आफैं हात धुन सक्दैनन् र उनीहरुमा सजिलै भाइरस फैलिन्छ । भाइरस वस्तुहरु (रुघाखोकी लागेको व्यक्तिले छोएको खेलौना)को माध्यमबाट पनि फैलिन्छ ।

**लक्षण के हो ?**

बच्चामा यसको लक्षण रुघाखोकी भाइरस शरीरमा आएको एकदेखि तीन दिनसम्म देखिन्छ । प्रायः बच्चा एक हप्तामा ठिक हुन्छन्, तर कहिलेकाहीँ दुई हप्ता पनि लाग्न सक्छ । सबै बच्चामा हुने लक्षणहरु अलि-अलि फरक हुन्छन् । दुई वर्ष मुनिका बच्चामा सुत्न कठिनाई हुने, खोकी लाग्ने, झिँझो मान्ने, नाक बन्द भएर सुत्न गाह्रो हुने, बान्ता, झाडा र ज्वरो आदि



देखा पर्नसक्छ । त्यस्तै अलि ठूला बच्चामा आँखा रसाउने, टाउको दुख्ने, मन्द ज्वरो आउने, शरीर दुख्ने, नाकबाट पातलो पानी बग्ने, विस्तारै बाक्लो हुने तथा पहेंलो र हरियो हुँदै सुक्नेगर्छ ।

**उपचार के हो ?**

प्रायः बच्चाहरु आफैं ठीक हुन्छन् । यसको मतलब भाइरसको आफ्नै समय हुन्छ, त्यस समयपछि आफैं ठीक हुन्छ । एन्टिबायोटिक्सले भाइरस संक्रमणविरुद्ध काम गर्दैन । उपचारको विधि बच्चाका लक्षणलाई कम गर्नमा केन्द्रित हुन्छ । जस्तैः

- ज्वरो आएमा ज्वरो कम गर्ने औषधि दिने, पानीले निधार, काखी, खुट्टा पुछ्ने ।
- खानामा पर्याप्त मात्रामा झोलिलो पदार्थ जस्तैः पानी, जीवनजल, स्याउको रस, मनतातो सुप (झोल खानेकुरा) दिने । यसले शरीरमा पानीको मात्रा कम हुनबाट जोगाउँछ । यतिबेला बच्चाको खाने रुची पहिलेभन्दा घट्छ ।
- बच्चालाई पर्याप्त आराम गराउनुपर्छ ।
- बन्द नाक खुलाउनका लागि नुनपानी नाकमा हाल्ने, नुनपानी औषधिको रुपमा सजिलै पाइन्छ र पटक-पटक हाल्नुपर्छ, किनभने यसले घाँटीको सिँगान पातलो गर्छ, साथै नाक खुल्छ र बच्चाहरु राम्रोसँग सुत्न सक्छन् ।
- ६ वर्षभन्दा मुनिको बच्चामा रुघाखोकीको औषधि डाक्टरको सल्लाहबिना आफैं किनेर खुवाउनु हुँदैन ।
- धुँवा (सिगरेट, आगो, कोइला, भान्सा)बाट टाढा राख्नु पर्छ किनभने धुँवाले नाक र घाटीमा असजिलो पार्छ ।
- बच्चालाई आराम गराएर राख्नुपर्छ । ज्वरो आउन बन्द भएको २४ घन्टापछि मात्र घरबाट निकाल्दा राम्रो हुन्छ ।
- यदि घरमा हिटर, एसी प्रयोग हुन्छ भने साथमा ह्युमिडिफायर पनि प्रयोग गर्नु जरुरी छ । यसले कोठाभित्रको ह्युमिडिटी मिलाउँछ र राति श्वास लिन सजिलो बनाउँछ ।
- राति-राति लाग्ने खोकीको लागि मह उपयोगी हुनसक्छ । तर मह १ वर्षभन्दा माथिको बच्चालाई मात्र खान दिनुपर्छ ।

**खतरा के हुनसक्छ ?**

कहिलेकाहीं रुघाखोकीको कारण कानको संक्रमण, पिनास र निमोनिया हुनसक्छ । यसबेला डाक्टरको सल्लाह र उपचारको जरुरी पर्छ ।

**रोकथाम कसरी गर्ने ?**

- बच्चालाई रुघाखोकीबाट बचाउन रुघाखोकी लागेको मानिसबाट टाढा राख्नुपर्छ ।
- घरमा कसैलाई रुघाखोकी लागेमा मास्क लगाउनुपर्छ ।
- खानु अगाडि वा शौचालय गएपछि, खेलेर सकेपछि, खोकेपछि, हाच्छियूँ गरेपछि सबैले हात धुनुपर्छ । पानी नभएको खन्डमा हातमा संक्रमणबाट बचाउने झोल हातमा लगाउनुपर्छ ।
- बच्चालाई घरीघरी आँखा, नाक, मुख छुनुहुन्न भनेर सिकाउनुपर्छ ।
- समय-समयमा बच्चाले खेल्ने खेलौना र सामान सफा गर्ने ( प्रायः स्कूलमा जहाँ धेरै बच्चासँगै खेल्छन्)।
- घर सफा गर्दा फेनोल, लाइजोल प्रयोग गर्नाले भाइरस फैलनबाट जोगाउँछ ।


*(भण्डारी बालरोग विशेषज्ञ हुन् ।)*

खेलमा विजयी हुँदै दमक र कानेपोखरीका टिम फाइनलमा पुगेका हुन् । पहिलो सेमीफाइनलमा कानेपोखरीले पथरीलाई १-० ले र दोस्रो सेमीफाइनलमा दमकले उर्लाबारीलाई २-० ले पराजीत गरेका थिए । दुवै सेमीफाइनल खेलका उत्कृष्ट खेलाडीलाई सजेश शिवाकोटी र जलकुमार गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए ।

धिमाल जातिका युवालाई खेलकुदका माध्यमबाट अगाडि बढाउन धिमाल सेवा समाजको आयोजनामा


हाम्रा बिशेषताहरु
한국어
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चा
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट
AC युक्त Waiting Hall, Exam Hall भएको
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबा
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क
स्तरीय कोरियन Listening Grammar को अ
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट क
5000 Model Question को अभ्यास तथा Gu
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुट
जापनीज भाषाका N5 & N4 का कक्षाहरु प
Rupjyoti Institute P
Birtamod - 5, Jhapa Opposite to Kankai
E-mail:- rklcbtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
Tel : 023-546692 | 981499932

हाडजोर्नी तथा न
समस्याहरुको सफ
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उ
बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफ
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापि
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दु
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै
बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा
स्पार्क पूर्वाञ्चल अस्पता
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-


ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)


**मेष (चु, चे, चो, ला,** आम्दानीले उत्साह मूल्यांकन हुनाले राम्रै **बृष (इ, उ, ए, ओ,** व्यापारमा राम्रै फड् लेनदेन आदिमा मन लक्ष्यमा पुर्‍याउनेछ । **मिथुन (का, कि, कु** व्यापारमा थन्किएक

# सडक निर्माण गर्न स्थानीयबासी जुटे



**बिर्तामोड, मंसीर ५।** झापाको बिर्तामोड- ५ धर्मकाँटा रोड नम्बर २ को सडक निर्माण गरिने भएको छ। सडक निर्माण गर्न स्थानियबासी जुटेपछि सडक निर्माण गरिने भएको हो ।

सडक निर्माण गर्न स्थानियबासीले पारस संग्रौलाको अध्यक्षतामा सडक निर्माण उपभोक्ता समिति निर्माण गरेका छन्। नवगठित समितिको उपाध्यक्ष खड्गबहादुर थापा, सचिव मुखीलाल बराइली, कोषाध्यक्ष कल्पना आचार्य रहेका छन्।

त्यस्तै सदस्यहरुमा फडिन्द्रराज न्यौपाने, श्यामकुमार लिम्बू, इन्द्रकला भट्टराई, कुलवहादुर खड्का, शान्ता अधिकारी, शुशिला ढुङ्गेल, खगेन्द्र इङ्नाम रहेका छन्। त्यस्तै सडक निर्माणको अनुगमन गर्न गणेशप्रसाद पोखरेलको संयोजकत्वमा अनुगमन समिति गठन गरिएको छ। सदस्यहरुमा गोपालप्रसाद बजगाईं, तुलसी गुरागाईं, पदम सुवेदी र पिङ्गला कट्टेल रहेका छन्।

दुवैतर्फ नाला निर्माण गरेर सडक बिर्तामोडकै नमूना बनाइने सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष पारस संग्रौलाले बताए। नालासहितको सडक ४२ लाख रुपैयाँमा निर्माण गरिने र जसका लागि वडाले विनियोजन गरेको १० लाख, बिर्तामोड नगरपालिकाको २० लाख, उपभोक्तासहितको जनश्रमदान १२ लाख गरेर ४२ लाख रुपैयाँमा सडक निर्माण गरिने उनले बताए।

सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष पारस संग्रौलाको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका प्रमुख धुव्रकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्वागतसहित औचित्यमाथि फडिन्द्रराज न्यौपानेले प्रकाश पारेका थिए।

कार्यक्रममा बिर्तामोड- ५ का वडाध्यक्ष राजेन्द्र लिङ्देनले सडक निर्माणमा सहयोग पुर्‍याउन सबैसँग आग्रह गरे। कार्यक्रममा बिर्तामोड- १ का बडासदस्य प्रेम खरेल, बिर्तामोड-५ का बडासदस्यहरु डिआर कडरिया, भावना घिमिरे लगायतको आतिथ्य रहेको थियो। कार्यक्रमको सञ्चालन खड्गबहादुर थापाले गरेका थिए।

# अर्जुनधारामा योग शिवर

**बिर्तामोड, मंसीर ५।** पञ्चकन्या हरि कीर्तन मण्डली अर्जुनधारा १०/११ एवम् पञ्चकन्या धाम सेवा समिति अर्जुनधारा-१० झपाको संयुक्त आयोजनामा योग शिविर सम्पन्न भएको छ।

पतञ्जलि योग नगर समिति अर्जुनधाराको सहकार्यमा भएको सात दिवसीय योग शिविरमा योग प्रशिक्षकलाई सम्मान गरिएको थियो। पञ्चकन्या धाम सेवा समितिका अध्यक्ष केदारनाथ ढुंगेलको अध्यक्षता तथा अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो।

कार्यक्रममा पतञ्जलि योग समिति झापाका अध्यक्ष देवीप्रसाद घिमिरे, पतञ्जलि योग नगर समिति अर्जुनधाराका अध्यक्ष कृष्णप्रसाद पौडेल, रोहित मान ढकाल, कर्णखर ढुंगेल लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रममा योग प्रशिक्षकहरु पतञ्जलि योग समिति झापाका अध्यक्ष देवीप्रसाद घिमिरे, उपाध्यक्ष कैलाश डाँगी, सह महामन्त्री रुद्र ओली, पूर्व उपाध्यक्ष केशव ताम्राकार, दयानन्द दाश, युवा प्रशिक्षक लक्ष्मी सिग्देल लगायतलाई सम्मान गरिएको थियो।

पञ्चकन्या धाम सेवा समितिकी उपाध्यक्ष सीता घिमिरेले स्वागत गरेको कार्यक्रमको सञ्चालन पञ्चकन्या हरी किर्तन मण्डलीकी सचिव चन्द्रकला भण्डारीले गरेकी थिइन्।

पतञ्जलि योग नगर एवम् जिल्ला समिति, अर्जुनधारा नगर समिति र अर्जुनधारा नगरपालिकाको सहकार्यमा पञ्चकन्या धाम सेवा समिति अर्जुनधारा- १० को सामुदायिक भवनमा योग साधना निरन्तर सञ्चालन हुने पञ्चकन्या धाम सेवा समितिका अध्यक्ष केदारनाथ ढुंगेलले जानकारी दिए।

# ट्याक्टर चालकको मृत्यु

**संखुवासभा, मंसीर ५।** संखुवासभाको चिचिला गाउँपालिका वडा नम्वर १ कुवापानीस्थित खाँदबारी नुम सडकखण्डमा भएको ट्याक्टर दुर्घटनामा परी चालकको मृत्यु भएको छ।

खाँदबारीबाट नुम तर्फ सामान बोकेर जादै गरेको ग १ त ४१६४ नम्वरको ट्याक्टर अनियन्त्रित भई सडकबाट एक सय मिटर तल खसेर दुर्घटना भएको थियो। दुर्घटनामा ट्याक्टर चालक संखुवासभाको भोटखोला गाउँपालिका वडा नम्वर ५ का २२ वर्षीय मनोज तामाङको घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनाबारेमा जानकारी पाउनासाथ घटनास्थलको सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरेको र घटनाबारे अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ।

# उपाधिका लागि दमक र कानेपोखरी भिड्दै




**बिर्तामोड, मंसीर ५।** झापाको बिर्तामोडमा भइरहेको प्रथम धिमाल राष्ट्रिय फुटबल कपको उपाधिका लागि दमक नगरपालिका र कानेपोखरी नगरपालिका बीच प्रतिस्पर्धा हुने भएको छ।

डोमालाल राजबंशी रङ्गशालामा भएको सेमीफाइनल खेलमा विजयी हुँदै दमक र कानेपोखरीको टिम फाइनलमा पुगेका हुन्। पहिलो सेमीफाइनलमा कानेपोखरीले पथरीलाई १-० ले र दोस्रो सेमीफाइनलमा दमकले उर्लाबारीलाई २-० ले पराजीत गरेका थिए। दुवै सेमीफाइनल खेलका उत्कृष्ट खेलाडीलाई सजेश शिवाकोटी र जलकुमार गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए।

धिमाल जातिका युवालाई खेलकुदका माध्यमबाट अगाडि बढाउन धिमाल सेवा समाजको आयोजनामा प्रतियोगिता सञ्चालन गरिएको हो।

प्रतियोगितामा झापा, मोरङ र भारतमा बसोबास गर्ने धिमाल जातिका युवा सम्मिलित १० वटा टिमको सहभागीता रहेको छ। धिमाल जातीबाट विजय धिमाल, रञ्जिन धिमाल लगायतका युवाहरु नेपाली राष्ट्रिय टोलीबाट समेत खेल्दै आएकोले फुटबलमा पनि भविष्य बनाउन प्रतियोगिताले ठूलो सहयोग पुग्ने आयोजक समितिको अपेक्षा रहेको सचिव शक्ति धिमालले बताए।

'प्रथम धिमाल राष्ट्रिय फुटबल कपको उपाधि विजेताले नगद ५० हजार पाँच सय ५५ रुपैयाँ र उपविजेताले नगद ३० हजार रुपैयाँ, शिल्ड, कप र प्रमाणपत्र प्रदान गरिने समितिका अध्यक्ष मन बहादुर धिमालले जानकारी दिएका छन्। प्रतियोगिताको फाइनल आज हुने आयोजक समितिले जनाएको छ।

# मनकामनामा बाल अधिकार सचेतना

**बिर्तामोड, मंसीर ५।** अन्तर्राष्ट्रिय बाल अधिकार दिवसका अवसरमा मनकामना माध्यमिक विद्यालय बिर्तामोडले सचेतना कार्यक्रम सम्पन्न गरेको छ।

विद्यालयका प्रधानाध्यापक केशव ढुंगानाको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईंको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सगरमाथा टिन्स क्लबकी अध्यक्ष कञ्चन थापाले स्वागत गरेकी थिइन्।

कार्यक्रममा प्रमुख अतिथी प्रसाईंले बालबालिकालाई गुणस्तरीय शिक्षा दिनु आवश्यक रहेको बताउँदै शिक्षाको माध्यमबाट समाजमा रचनात्मक कार्यहरू गर्नु जरुरी रहेको बताइन्।

सचेतना कार्यक्रमको सहजीकरण प्राध्यापक विजय तिम्सिनाले गरेका थिए। उनले सहभागी विद्यार्थीलाई बाल अधिकारको महत्वको बारेमा बताउँदै बालबालिकाले के-कस्ता अधिकारहरु पाउँछन् भन्ने बारेमा जानकारी गराएका थिए।

कार्यक्रमको सञ्चालन सगरमाथा टिन्स क्लबकी सचिव श्रेया ढुंगाना र बाल क्लबकी सचिव इनु थापाले गरेका थिए।


वाथ एक अटो इम्युन रोग हो।

समयमा उपचार गर्नाले वाथ रोग नियन्त्रण गर्न सकिन्छ।

वाथका लक्षणहरू:

जानकारीको लागि सर्म्पक नं:- ९८११३३५६२४

१) साना तथा ठूला जोर्नीहरु दुख्ने, सुनिने, कक्कक पर्ने।
२) आरामको समयमा ढाड र जोर्नी बढी दुख्ने।
३) बिहानको समयमा शरीर अरठ्ठ हुने।
४) मांसपेशीहरु दुख्ने, गल्ने।
५) थकाई बढी लाग्ने।
६) बारम्बार गर्भधारणमा समस्या आउने।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने।
८) कपाल बढि झर्ने।
९) मुख भित्र बारम्बार घाउ आउने।
१०) चिसोमा औंलाहरु निलो, सेतो हुने।
११) बारम्बार घाउहरु आइरहने।
१२) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने।
१३) कुर्कुच्चा पोल्ने, दुख्ने।
१४) मांसपेशी कमजोर हुने।
१५) खकारमा रगत देखा पर्ने।
१६) लामो समयसम्म ज्वरो आउने।
१७) आँखा बारम्बार रातो हुने।

वरिष्ठ वाथ रोग विशेषज्ञ डा.अभिलाशा शाह

MBBS,MD (Internal medicine)

Fellowship in Reheumetology & Clinical Immunology (New Delhi India)

यस पटक यही मंसिर ६ र ७ गते शुक्रबार र शनिबार नर्भिक हस्पिटल काठमाण्डौबाट आउदै हुनुहुन्छ अग्रीम नाम दर्ता गर्नुहोस्

कन्काई हस्पिटल प्रा.लि.
KANKAI HOSPITAL PVT.LTD
बिर्तामोड, झापा फोन नं. :०२३-५४३८०७

"विशेषज्ञ सेवा हाम्रो प्रतिवद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा"



वर्गीकृत विज्ञापन

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।


गिटी बालुवा चाहिएमा

झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु–सम्पर्क गर्नुहोला।

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'

झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक

खेलमा विजयी हुँदै दमक र कानेपोखरीको टिम फाइनलमा पुगेका हुन् । पहिलो सेमीफाइनलमा कानेपोखरीले पथरीलाई १-० ले र दोस्रो सेमीफाइनलमा दमकले उर्लाबारीलाई २-० ले पराजीत गरेका थिए । दुवै सेमीफाइनल खेलका उत्कृष्ट खेलाडीलाई सजेश शिवाकोटी र जलकुमार गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए ।

धिमाल जातिका युवालाई खेलकुदका माध्यमबाट अगाडि बढाउन धिमाल सेवा समाजको आयोजनामा टोलीबाट समेत खेल्दै आएकाले फुटबलमा पनि भविष्य बनाउन प्रतियोगिताले ठूलो सहयोग पुग्ने आयोजक समितिको अपेक्षा रहेको सचिव शक्ति धिमालले बताए ।

'प्रथम धिमाल राष्ट्रिय फुटबल कपको उपाधि विजेताले नगद ५० हजार पाँच सय ५५ रुपैयाँ र उपविजेताले नगद ३० हजार रुपैयाँ, शिल्ड, कप र प्रमाणपत्र प्रदान गरिने समितिका अध्यक्ष मन बहादुर धिमालले जानकारी दिएका छन् । प्रतियोगिताको फाइनल आज हुने आयोजक समितिले जनाएको छ ।

बताइन् ।

सचेतना कार्यक्रमको सहजीकरण प्राध्यापक विजय तिम्सिनाले गरेका थिए । उनले सहभागी विद्यार्थीलाई बाल अधिकारको महत्वको बारेमा बताउँदै बालबालिकाले के-कस्ता अधिकारहरु पाउँछन् भन्ने बारेमा जानकारी गराएका थिए ।

कार्यक्रमको सञ्चालन सगरमाथा टिन्स क्लबकी सचिव श्रेया ढुंगाना र बाल क्लबकी सचिव इनु थापाले गरेका थिए ।


KANKAI HOSPITAL PVT.LTD

बिर्तामोड, झापा फोन नं. :०२३-५४३८०७

सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा



# कोरियन भाषा

한국어 にほんご

## हाम्रा बिशेषताहरु

- PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
- न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
- AC युक्त Waiting Hall, Exam Hall भएको ।
- Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
- Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
- स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
- प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
- 5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
- टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।

जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने ।

Rupjyoti Institute Pvt. Ltd.

Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven

E-mail:- rklcbtm@gmail.com

Facebook :-www.facebook.com/rupjyotikorean

प्रो. अर्जुन बोहोरा

Tel : 023-546692 | 9814999326 | 9806090399



# झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः

बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,

बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :

मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७

काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :

बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)

बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई



# पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) हिन्दी सिनेमा

पहिलो शो ११:४५ MAR JAAVAAN

दोस्रो शो २:४५ MAR JAAVAAN

तेस्रो शो ६:४५ MAR JAAVAAN





(हल बी) नेपाली सिनेमा

पहिलो शो ११:४५ मिष्टर नेपाली

दोस्रो शो २:४५ मिष्टर नेपाली

तेस्रो शो ६:४५ मिष्टर नेपाली





बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।

फोन नं. ०२३–५४६४३६



# हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।


**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



# बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा


फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८


# वर्गीकृत विज्ञापन


## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्यांकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३–५५०६२०

९८४२६५५७००, ९८०४९३८१००,

९८०७९३०७४०, ९८१७९२९३९४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२

९८४२६७७८५५, ९८२४९८११७४

## गिटी बालुवा चाहिएमा

झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु–सम्पर्क गर्नुहोला ।

**सयपत्री**

९८४२६५४४००, ९८०४९५४४००

## पसल तु-बत्रीमा

बिर्तामोडस्थित पूर्व–पश्चिम राजमार्गदेखि २०० किलोमिटर उत्तर हिमालय धर्मकाँटा–मातामन्दिर रोडमा रहेको अति चालू अवस्थाको होलसेल तथा खुद्रा । पसल तु–बिक्रीमा छ । इच्छुकले चाडै सम्पर्क राख्नु होला ।

सम्पर्कः ९८५२६४५४२०/९८०१४४५४२०

## कर्मचारी आवश्यकता

Math & science Teacher : 1

*(for 7 class)*काँकरभिट्टाको लागि ।

English Teacher : 1

*(for 7 class)*काँकरभिट्टाको लागि ।

***टिचरको लागि बस्नको पनि व्यवस्था छ ।***

**किचन हेल्पर** : २ जना (इलामको लागि)

**वेटर** : ३ जना (महिला बिर्तामोडको लागि)

**सेल्समेन** : २ जना (काममा अनुभव भएको)

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**

अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३–५४६६८३

मो.: ९८२५९८७९००

## आवश्यकता

**शिक्षक** : २ जना

***(सोसियल+होस्टल शिक्षक खानाबस्न छ)***

**कुक** : १ जना **वेटर** : ५ जना

**लेखापाल** : १ जना (अनुभवी)

**महिला इन्चार्ज** : १ जना (३० वर्ष पुगेको)

**पिनाकल जब्स केयर सर्भिस**

बिर्तामोड, (९८१४९०४७६४, ०२३–५४४६६०)

## सेक्युरिटी गार्डको आवश्यकता

पुरुष/महिला संख्याः २५

*सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम*

**इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.**

*प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा*

फोनः ०२३–५४५७८२, ९८०६०६१७००,

९८४४६८६९७०, ९८०६०७५६७८

## जग्गा बिक्रीमा

बि.एण्ड.सी. हस्पिटलबाट ५ मिटर दुरीमा (हर्कलाल मार्ग छेउ) ४ पाटा मिलेको ८ धुर जग्गा सस्तो मूल्यमा बिक्रीमा छ ।

मो. ०२३–५४५७५३, ९८१७९५४२३८

## आवश्यकता

**सेक्युरिटी गार्डः–** ४० जना *(महिला/पुरुष)*

*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*

**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोनः ०२३–५४३००३/५४६६१४,

९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

## कर्मचारी आवश्यकता

होटल सयपत्री एण्ड लजमा कर्मचारीको आवक्यकता परेको हुँदा इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

रुम ब्वाई : १ जना (अनुभवी)

*खान/बस्न सुविधा छ ।*

फोनः ०२३–५४२१५०, ९८२४९२७४४९

## बारमासे कागती खेती ! गरौं है उन्नती !!

बारै महिना र धेरै मात्रामा फलिरहने सबभन्दा उन्नत जातको कागती खेती गर्न राम्रो बिरुवा चाहिएमा आजै सम्पर्क गर्नुहोस् ।

सम्पर्कः ९८१७९३३५८२

९८१३८४४९२९

## सटर भाडामा

बिर्तामोड–शनिश्चरे रोडबाट अतिथि सदन रोडमा रहेको सटर (पसल तथा होटलका लागि उपयुक्त भाडामा छ । इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

मो. ९८१४०५५८९४

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट

घिमिरे अफसेट प्रेस बिर्तामोडमा


## पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२

पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आम्दानीले उत्साह जगाउनेछ । श्रमको उचित मूल्यांकन हुनाले राम्रै प्रतिफल हातलागी हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । सट्टापट्टा, लेनदेन आदिमा मनग्गे फाइदा हुनेछ । मेहनतले लक्ष्यमा पुऱ्याउनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यापारमा थन्किएका वस्तु बिक्री हुनेछन् र अड्किएको रकम उठ्ने सम्भावना छ । काम र व्यवसायमा राम्रै फड्को मार्न सकिनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । मेहनत गर्दा कार्यसिद्धिको समय छ । राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** सामाजिक नेतृत्व हातलागी हुनेछ । व्यापारमा फाइदा हुनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** विशिष्ट व्यक्तिको सहयोग जुट्नाले महत्वाकांक्षी काम बन्नेछ । काम गरेर दाम कमाउने अवसर प्राप्त हुनेछ, कर्तव्यपरायण रहनुहोला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । चुनौतिहरू स्वतः हट्ने छन् भने अवसर तथा सफलताले पछ्याउनेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ । सामाजिक काममा रुचि बढ्नेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अभाव हट्नुका साथै दाम र इनाम प्राप्त हुनेछ । धार्मिक मनोवृत्ति बढ्नेछ र सेवामूलक काम गरिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** गरेका कामबाट तत्काल फाइदा उठाउन मुस्किलै पर्नेछ । सानातिना काममै अल्झनुपर्दा लक्ष्य प्राप्त नहुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** हिसाबकिताबमा होसियार रहनुहोला । हडबडको त्रुटिले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ । स्वास्थ्य कमजोर हुनाले आँटेको काममा बाधा हुन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अध्ययनमा त्यति समय दिन नसकिएला । मेहनत गर्दा पछि फाइदा हुने काम सम्पादन हुनेछ । काम साची आफूलाई, खान साचि अरुलाई उक्ति याद गर्नु ।

# सेवासुविधा नपाएको ज्येष्ठ नागरिकको गुनासो

□ लक्ष्मी उप्रेती

**मेचीनगर, मंसीर ५।** सरकारले ज्येष्ठ नागरिक ऐन २०६३ अनुसार परिचयपत्र वितरण गरेको भएपनि खासै कार्यान्वयनमा नआएकोमा झापाका ज्येष्ठ नागरिकहरुले गुनासो गरेका छन् ।

उनीहरुले सार्वजनिक यातायातमा यात्रा गर्दा राज्यले उपलब्ध गराएको विशेष छुट कार्यान्वयन नभएको बताएका छन् । ज्येष्ठ नागरिक संघ जिल्ला समिति झापाका उपाध्यक्ष हरिप्रसाद ओली सरकारले ज्येष्ठ नागरिक ऐन २०६३ अनुसार धेरै सुविधा दिए पनि झापाका हरेक ज्येष्ठ नागरिकले आशिंकरुपमा मात्र उपभोग गर्न पाएको बताउँछन् । 'ऐन चाहिँ बन्यो तर पूर्णरुपमा कार्यान्वयनमा आउन सकेन' -ओलीले भने- 'यो त कागलाई वेल पाक्यो हर्ष न विष्मत भनने उखान झैं भयो ।'

सरकारले ज्येष्ठ नागरिक ऐन २०६३ अनुसार परिचयपत्र वितरण गरेको भए पनि ऐन बमोजिम पाउने अधिकारबाट हरेक ज्येष्ठ नागरिक वञ्चित रहेको, सुविधा उपयोग गर्न कठिनाई भएको र ज्येष्ठ नागरिकको हैसियतमा पाउनुपर्ने सुविधा नपाएको संघका जिल्ला सदस्य कृष्णप्रसाद उप्रेतीको भनाई छ । 'न त अस्पतालमा यो सुविधा पाइयो न त सवारी साधनमा नै' -उप्रेती भन्छन्- 'सामाजिक सुरक्षा अन्तर्गतको वृद्ध भत्ता वाहेक सरकारबाट केही भेटिएन ।'

ज्येष्ठ नागरिकलाई सम्मानजनक व्यवहार नभएको भन्दै उनीहरुलेले दु:खेसो व्यक्त गरेका छन् । यातायात व्यवसायीले ज्येष्ठ नागरिकलाई



कुनै पनि छुट नदिँदा राज्यले प्रदान गरेको ज्येष्ठ नागरिक परिचयपत्र बेकामे बनेको ज्येष्ठ नागरिकहरुको भनाई छ। ज्येष्ठ नागरिक ऐन २०६३ मा ज्येष्ठ नागरिकलाई परिचयपत्र पनि वितरण गरेर परिचय पत्रको आधारमा सवारीसाधन र औषधि उपचारमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था गरेको छ ।

तर, परिचय पत्रका आधारमा आफ्नो कम्पनीबाट सञ्चालित प्रत्येक सवारीसाधनले ज्येष्ठ नागरिक, महिला तथा अशक्तहरुका लागि आरक्षण सिटको व्यवस्था मिलाएको सगरमाथा यातायात प्रालिका अध्यक्ष खगेन्द्रप्रसाद उप्रेतीको भनाई छ। आफ्नो कम्पनी र सरकारबीच भएको सम्झौता अनुसार ज्येष्ठ नागरिक र अशक्त अपाङ्गहरुका लागि ५० तथा विद्यार्थीहरुका लागि ४५ प्रतिशत छुटको दिइएको अध्यक्ष उप्रेतीले बताए ।

त्यसैगरी सरकारले ज्येष्ठ नागरिकका लागि प्रदान गरेको सेवासुविधा उपभोग गर्न पाउनुपर्ने पूर्व मेची बस व्यवसायी संघका अध्यक्ष मोहनप्रकाश उप्रेतीको भनाई छ । तर, सरकारले सेवाप्रदायक संघ संस्थालाई दिनुपर्ने सेवासुविधाका बारेमा पनि विचार गर्नुपर्ने उनको भनाई छ ।

सरकारले तयार गरेको ऐन कानून अनुसार ज्येष्ठ नागरिकले सार्वजनिक यातायातमा नियम अनुसार छुट माग्दा दुव्यवहार सहनुपरेको काँकरभिट्टा बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष कमल थापाको भनाई छ। उनले लामो समयदेखि जारी गरेको ऐन अझैसम्म कार्यान्वयन हुन सक्नु तथा ज्येष्ठ नागरिकले सुविधा प्राप्त गर्न नसक्नुले विधिको शासनलाई चुनौति दिएको उनको तर्क छ ।

त्यही पनि बैंक मार्फत सरकारले सामाजिक सुरक्षा अन्तर्गतको भत्ता वितरण गर्न थालेपछि ज्येष्ठ नागरिक, ज्येष्ठ नागरिक दलित, एकल माहिला, लोपोन्मुख तथा आदिवासी जनजाति, अशक्त, पुर्ण अपाङ्ग, आंशिक अपाङ्ग तथा दलित बालबालिका मर्कामा परेको अर्का ज्येष्ठ नागरिक रामवीर विश्वकर्माको भनाई छ। केही वर्षसम्म सम्बन्धित नगरपालिका र तात्कालीन गाविसका कर्मचारीले यस्ता समुदायलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको भए पनि आर्थिक वर्ष २०६९/०७० देखि स्थानीयको भत्ता बैंक मार्फत दिन शुरु गरेको थियो ।

राज्यले उपलब्ध गराउँदै आएको यो सुविधा शुरुमा सम्बन्धित नगरपालिका र तात्कालीन गाविसका वडा-वडाबाट नै लिइरहेका लक्षित समुदायले अहिले भत्ता लिनका लागि बैंक धाउनुपर्दा झन् समस्या भएको गुनासो उनले गरे ।

अहिले भत्ता लिनैका लागि घण्टौंको बाटो हिँडेर धाउनु परेको भनाई उनीहरुको छ। बैंक मार्फत भत्ता वितरण गर्दा दुई-दुई घण्टासम्म लाइनमा बस्नुपर्ने, बल्ल-बल्ल पालो आए पनि भत्ता लिने बेलामा चेक केरमेट भएको भन्दै फर्काउने गरेकाले आफूहरु मर्कामा परेको उनीहरुको भनाई छ। चेकमा लेख्न जान्नेलाई त्यति समस्या नभए पनि चेकमा लेख्न र भर्न नजान्नेलाई ज्यादै असुविधा भएको उप्रेतीको भनाई छ ।

'बैंक मार्फत भत्ता वितरण गर्न थालेपछि पहिला खाता खोल्नका लागि निक्कै सास्ती व्यहोर्नु पर्‍यो' - स्थानीय पदमलाल चौधरीले गुनासो गर्दै भने- अहिले भत्ता लिनका लागि सास्ती खेप्नुपरेको छ। 'बुढो र रोगी शरीर लिएर कतिञ्जेल लाइनमा उभिन-उभिन समेत गाह्रो हुन्छ राम्ररी आँखा देखिँदैन चेक केरमेट हुन्छ।' सरकारले त राहतको नाममा आफूलाई झन् सास्ती थपिदियो उनले थपे ।

२०६८ को जनगणना अनुसार नेपालमा २४ लाख ६९ हजार ६० वर्षमाथिका ज्येष्ठ नागरिक रहेका छन् । वास्तवमा ज्येष्ठ नागरिकप्रति घर, समाज तथा राष्ट्रबाटै सम्मानजनक व्यवहार गरिनुपर्छ। परिचयपत्र वितरण गर्ने, तर कार्यान्वयन भए नभएको तर्फ ध्यान नदिने हो भने राज्यको कार्यशैली औपचारिकता मात्र सिमित रहन्छ। यसकारण सरकारलेले यसतर्फ बेलैमा ध्यान दिन जरुरी छ ।

# ५० हजार 'स्मार्ट' चालक अनुमतिपत्र अझै वितरण भएन

**झापा, मंसीर ५।** यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र कार्यालयमा झण्डै ५० हजार कार्ड वितरण गर्न बाँकी रहेको छ ।

धेरै चालकले अनुमतिपत्र नपाएको गुनासो गरिरहँदा छापिसकेको चालक अनुमतिपत्र भने लिन सेवाग्राही कार्यालय पुगेका छैनन् । छापिसकेका कार्ड लिन सेवाग्राही नआउँदा कार्यालयलाई व्यवस्थापन गर्न कठीन भएको प्रमुख डम्मरबहादुर चन्दले बताए ।

उनका अनुसार दैनिक सेवाग्राही कार्ड लिन आउँदा तीनै कार्ड पल्टाएर खोज्नुपर्ने अवस्था छ । दुई वर्ष वा त्योभन्दा पहिले छापिएका कार्डसमेत कार्यालयमा त्यसै थन्किएको छ । उनले भने- 'हामीले विभिन्न माध्यमबाट जानकारी गराउँदा पनि सेवाग्राही लिन आइरहेका छैनन् ।'

कार्यालयमा एकाथरी सेवाग्राही कार्ड नछापिएको भन्दै गुनासो गर्न आइपुग्ने गरेका छन् । उनीहरु दैनिक 'मेरो कार्ड छापियो कि छैन' भन्दै आउने गरेका छन् भने कार्ड छापिसकेका सेवाग्राही लिन नआउँदा




व्यवस्थापन गर्न कठिन हुने गरेको चन्दको भनाइ छ । देशभरमा झण्डै साढे सात लाख चालक अनुमतिपत्र छाप्न बाँकी रहेको यातायात व्यवस्था विभागले जनाएको छ ।

त्यसमध्ये सबैभन्दा बढी संख्यामा चालक अनुमतिपत्र वितरण गर्न बाँकी यही कार्यालयको रहेको छ । कार्यालयले विभागले छापिसकेको कार्ड दैनिक ल्याएर सकेसम्म चाँडो वितरण गर्दै आएको कार्यालयले जनाएको छ । उनले भने- 'उताबाट छाप्नै बाँकी कार्ड किन नछापेको भन्दै सेवाग्राही हामीसँग रिसाउने गरेका छन् ।'

संविधानका अनुसार यातायातको व्यवस्थानको जिम्मेवारी प्रदेश सरकारको हो । प्रदेश सरकार आफैंले 'प्रिन्टर' खरीद गरेर छपाइ गर्न शुरु नगरेकाले अहिलेसम्म विभागले नै देशभरका प्रदेश कार्यालयको चालक अनुमतिपत्र छाप्दै आएको छ ।

## श्री पञ्चरत्न माध्यमिक विद्यालय

बिर्तामोड-२, चैतुबारी, झापा

## शिक्षक आवश्यकता सम्बन्धमा

बिर्तामोड नगरपालिका शिक्षा शाखाको आ.व. ०७५/०७६ को स्वीकृति कार्यक्रम अनुसार प्राप्त भएको शिक्षण सहयोग अनुदान अन्तर्गत यस विद्यालयलाई माध्यमिक तहको शिक्षकले पाउने तलब बराबर रकम रु. ३०,५००x१२= ३,६६,००० निकासा दिइ माध्यमिक शिक्षक तृतीय श्रेणीको कोटा=१ प्राप्त भएकोले गणित विषयको लागि पदपूर्ति गर्न वि.व्या.स.को बैठकको निर्णय अनुसार शिक्षक आवश्यकताको करार सूची/खुल्ला विज्ञापन माग गरिएको छ । तपसिल बमोजिम योग्यता प्राप्त नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।


**तपशिल**

१. **पद :** माध्यमिक तह तृतीय श्रेणी १ (एक जना)
२. **योग्यता :** स्नातक श्रेणी उत्तिर्ण (गणित मूल विषय लिई) बि.ए., बि.एस्सी वा सो सरह ।
३. तालिम प्राप्त गरी स्थायी अध्यापन अनुमति पत्र माध्यमिक तहको भएको छ ।
४. शिक्षा ऐन तथा नियमावली बमोजिमको उमेर ननाघेको ।
५. **निवेदन दिने अन्तिम मितिः**

# पोखराकी युवती भारतबाट उद्धार

**भद्रपुर, मंसीर ५।** पूर्वी नाका काँकरभिट्टाबाट भारत पुगेकी एक नेपाली युवतीलाई भारतीय एसएसबीले उद्धार गरेको छ ।

मानव तस्करीको फन्दामा फसेर गैरकानूनी रूपमा भारतको दिल्ली हुँदै कुवेत जान लागेकी पोखराकी २८ वर्षीया कविता उमरालाई भारतीय एसएसबीले उद्धार गरेको हो । काँकरभिट्टाबाट भारत प्रवेश गरेकी युवती उमरालाई एसएसबी ४१ बटालीयन अन्तर्गतको पानीट्याकी बिओपीका टोलीले उद्धार गरेको हो ।



# विद्यार्थीलाई स्ववियुको स्वागत



**अर्जुनधारा, मंसीर ५।** झापाको अर्जुनधारा-७ मा रहेको शनिश्चरे बहुमुखी क्याम्पसमा आयोजित कार्यक्रमकाबीच नवआगन्तुक विद्यार्थीलाई स्वतन्त्र विद्यार्थी युनियनले स्वागत गरेको छ ।

युनियनका सभापति इशान पौड्याल 'सञ्जिव'को अध्यक्षता र क्याम्पस व्यक्त गरेका थिए ।

कार्यक्रममा अर्जुनधारा-८ का वडाध्यक्ष गोपीचन्द्र गौतम, शनिश्चरे-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष शंकर सुवेदी, नेपाल रेडक्रस सोसाइटी शनिश्चरे उपशाखाका सभापति पुण्यप्रसाद भट्टराई, अर्जुनधारा

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल
बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश



# सताक्षीध



□ विनोद सापकोटा

**झिलझिले, मंसीर ५।** निर्वाचित भएको १० व
बित्न लाग्दा पनि संस्थाको साधरण सभा एकै पट
नगर्दा झापाको सताक्षीधाम मन्दिर विकास समिति
यतिवेला चरम विवादमा परेको छ ।
पदाधिकारीबीच नै तालमेल नमिल्दा साधारण सभ
हुन नसकेको भन्दै समितिका केही पदाधिकारी आरो
प्रत्यारोप गर्दै उम्किने गरेका छन् । कार्य अवधिक
चार वर्षमा पनि निर्वाचित समितिले एकपटक पनि
साधारण सभा नगरेको र कार्यकालको समय गुज्रिएको
पनि पाँच वर्ष भएको बताइएको छ ।
सताक्षीधाम मन्दिर बिकास समितिको ०६७ साल
पुस १७ गते निर्वाचन भएको थियो । सो निर्वाचनम

# भगवतीम



अध्यक्ष : ओमप्रसाद पाठक

**सुरुङ्गा, मंसीर ५।** कनकाइ नगरपालिका-५ स्थित भगवती आधारभूत विद्यालय चपामारीको अध्यक्षमा पुन: ओम प्रसाद पाठक चयन भएका छन् ।
विद्यालयमा भएको अभिभावक भेलाबाट
सर्वसम्मत गठित समितिमा मान बहादुर शाशंखर, रीता
शाह, विष्णु पौडेल र सुनिता लकान्द्री सदस्यमा चयन
भएका छन् । वडाध्यक्ष कृष्णबहादुर राई पदेन सदस्य
हुने भएकाले उक्त पाँच सदस्यको बैठकले चन्दादाताहरु
मध्येबाट निर्मला सेलवाल र शिक्षाप्रेमी मध्येबाट

युवतीलाई भारतीय एसएसबीले उद्धार गरेको छ ।

मानव तस्करीको फन्दामा फसेर गैरकानूनी रूपमा भारतको दिल्ली हुँदै कुवेत जान लागेकी पोखराकी २८ वर्षीया कविता उमरालाई भारतीय एसएसबीले उद्धार गरेको हो । काँकरभिट्टाबाट भारत प्रवेश गरेकी युवती उमरालाई एसएसबी ४१ बटालीयन अन्तर्गतको पानीट्याकी बिओपीका टोलीले उद्धार गरेको हो ।



भारतीय सीमा प्रवेश गरेकी युवतीलाई रोकेर एसएसबीका जवानले शङ्का लागि सोधखोज गर्दा कामको सिलसिलामा भारतबाट कुवेत जान लागेकी बताइएकी थिइन् । एसएसबीका अनुसार नेपाली कागजात र राहदानी समेत फेला नपरेको युवती पानीट्यांकी बसपार्कतर्फ जान लागेकी थिइन् ।


बसपार्कमा उनलाई अज्ञात व्यक्ति लिन आउने र त्यही व्यक्तिले बाघडुग्रा विमानस्थलबाट दिल्ली लैजाने योजना बनाएको उनले बयानको क्रममा बताएकी छिन् । यता एसएसबीले युवतीलाई नेपाल प्रहरीलाई जिम्मा लगाइएको जनाइएको छ ।

## विद्यार्थीलाई कम्बल

**दुहागढी, मंसीर ५।** मेचीनगर- १२ सहरेडाँगीस्थित माधव संस्कृत विद्याश्रमका विद्यार्थीहरुलाई कम्वल प्रदान गरिएको छ ।

तारापुञ्ज बचत तथा ऋण सहकारी संस्था चारआलीले आफ्नो १३औं स्थापना दिवसको अवसरमा आश्रममा अध्ययनरत् विद्यार्थीहरुका लागि ३५ थान कम्बल प्रदान गरेको हो । सोही कार्यक्रमका विच आश्रममा अध्ययनरत् विद्यार्थीहरुलाई सामुहिक रात्रि भोजनको व्यवस्था समेत गराईएको संस्थाका व्यवस्थापक मोहन अधिकारीले बताएका छन् ।

कार्यक्रममा विद्याश्रमका उपाध्यक्ष लक्ष्मीप्रसाद मिश्र, उपभोक्ता हित महिला कृषि सहकारी संस्थाकी अध्यक्ष संगीता थापा, तीलक गिरी, डिल्लीराम भण्डारी, सविना बजगाई, श्रीराम मरासीनी लगायतको आतिथ्य रहेको थियो । संस्थाका अध्यक्ष लेखनाथ पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत भाष्कर निरौलाले गरेका थिए । सोही कार्यक्रममा संस्थाका अध्यक्ष पौडेलले आफ्नो व्यक्तिगत तर्फवाट विद्याश्रमलाई १० हजार रुपैयाँ समेत प्रदान गरेका थिए ।



**अर्जुनधारा, मंसीर ५।** झापाको अर्जुनधारा-७ मा रहेको शनिश्चरे बहुमुखी क्याम्पसमा आयोजित कार्यक्रमकाबीच नवआगन्तुक विद्यार्थीलाई स्वतन्त्र विद्यार्थी युनियनले स्वागत गरेको छ ।

युनियनका सभापति इशान पौड्याल 'सञ्जिव'को अध्यक्षता र क्याम्पस सञ्चालन समितिका अध्यक्ष सरोजकुमार ओलीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा कार्यक्रममा औचित्यसहित स्वागत पुरुषोत्तम पौड्यालले गरेका थिए ।

नवआगन्तुक विद्यार्थीहरुलाई अविर लगाई स्वागत गरिएको कार्यक्रममा वडाध्यक्ष नवराम ढुंगाना 'नविन', क्याम्पस प्रमुख मोहनकुमार ओली, सहायक क्याम्पस प्रमुख कृष्णबहादुर थापा लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा अर्जुनधारा-८ का वडाध्यक्ष गोपीचन्द्र गौतम, शनिश्चरे-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष शंकर सुवेदी, नेपाल रेडक्रस सोसाइटी शनिश्चरे उपशाखाका सभापति पुण्यप्रसाद भट्टराई, अर्जुनधारा प्रेस क्बलका उपाध्यक्ष रमेश समदर्शी, क्याम्पस सञ्चालन समितिका उपाध्यक्ष हेमराज खरेल, क्याम्पस भूतपूर्व विद्यार्थी मञ्चका अध्यक्ष अमितकुमार साङपाङ राई लगायतको आतिथ्य रहेको थियो ।

सोही कार्यक्रममा विद्यार्थीहरुले विभिन्न गीत तथा नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन सुरज राजवंशी र पुरुषोत्तम पौड्यालले गरेका थिए ।






**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल**

### बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- सडकको अधिकार क्षेत्रभित्र निर्माण सामग्री नराखौं ।
- घर निर्माण गर्दा इजाजत लिएर मात्र निर्माण कार्य शुरु गरौं ।
- भवन निर्माण गर्दा नगरपालिकाले स्वीकृत गरेको मापदण्डभित्र कम्तीमा दुईवटा बिरुवा रोपण गरौं । जग्गा खण्डीकरण गर्दा नगरपालिकाको पूर्व स्वीकृती लिनु अनिवार्य छ ।

दिइ माध्यमिक शिक्षक तृतीय श्रेणीको कोटा=१ प्राप्त भएकोले गणित विषयको लागि पदपूर्ति गर्न वि.व्या.स.को बैठकको निर्णय अनुसार शिक्षक आवश्यकताको करार सूची/खुल्ला विज्ञापन माग गरिएको छ । तपसिल बमोजिम योग्यता प्राप्त नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

१. **पद :** माध्यमिक तह तृतीय श्रेणी १ (एक जना)
२. **योग्यता :** स्नातक श्रेणी उत्तिर्ण (गणित मूल विषय लिई) बि.ए., बि.एस्सी वा सो सरह ।
३. तालिम प्राप्त गरी स्थायी अध्यापन अनुमति पत्र माध्यमिक तहको भएको छ ।
४. शिक्षा ऐन तथा नियमावली बमोजिमको उमेर ननाघेको ।
५. **निवेदन दिने अन्तिम मितिः**
करार सूचीको लागि मिति २०७६/०८/०७ गतेसम्म
खुल्ला इच्छुकहरुको मिति २०७६/०८/१५ गतेसम्म
६. **निवेदन दस्तुर :** रु. १००० (एक हजार रुपैयाँ मात्र)
७. **परीक्षा किसिम :** लिखित तथा मौखिक (शिक्षा सेवा आयोग पाठ्यक्रम अनुसार)
८. **आवश्यकता कागजात :** सम्पूर्ण योग्यता, तालिम, अनुभव, नागरिकता, लाइसेन्सका २/२ प्रति प्रतिलिपि ।
९) **सम्पर्क मिति २०७६/०८/१७ गते**
**सम्पर्क : प्र.अ. ज्ञानुनाथ मैनाली (९८४२६२४७८१)**

**– प्रधानाध्यापक**


**UAE मा PSBD Guard हरुलाई रोजगार**

securiguard Middle East

कम्पनी: Securiguard Middle East Llc, Abu Dhabi

पूर्व स्वीकृत मिति: २०७६/०८/०१ चलानी नं.: ६०१४६४२६ L.T. No.: 227241

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 350 | 0 | स. क्षमता दक्ष | 2000 | ६२,३८० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो संग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।

**Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ ।**

**फाईनल अन्तरवार्ता कम्पनिको प्रतिनिधिद्वारा विर्तामोडको होलिडे होटलमा मंसिर १७ र १८ गते हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,३००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Lic No. 689/063/064

**सन लाइट ह्युमन रिसोर्स प्रा.लि.**

सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौ फोन ०१-४३८४८८

मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813



**UAE मा PSBD Guard हरुलाई रोजगार**

securiguard Middle East

कम्पनी: Securiguard Middle East Llc, Abu Dhabi

पूर्व स्वीकृत मिति: २०७६/०३/३० पुन स्वीकृत मिति: २०७६/०७/२९ चलानी नं.: ६०७४१८२१ पुनःचलानी नं.: १८७ L.T. No.: 222241

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 181 | 0 | स. क्षमता दक्ष | 2000 | ६०,३८० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो संग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।

**Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ ।**

**फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट:**

**सि.पि. होटल, बिर्तामोड, झापामा मंसिर ९ गते (25 Nov. 2019 मा) मेनपावर कार्यालय, काठमाडौमा मंसिर ९ र १० गते (25 & 26 Nov. 2019 मा) हुनेछ ।**


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,३००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**SUNERA NEPAL INCORPORATED PVT. LTD.**

Govt. Lic No.: 367/059/060

call - 9802774865 , 9802070865 , 9802777865
9852674865

अध्यक्ष : ओमप्रसाद पाठक

अध्यक्षमा पुनः ओम प्रसाद पाठक चयन भएका छन् ।

विद्यालयमा भएको अभिभावक भेलाबाट सर्वसम्मत गठित समितिमा मान बहादुर शाशंखर, रीता शाह, विष्णु पौडेल र सुनिता लकान्द्री सदस्यमा चयन भएका छन् । वडाध्यक्ष कृष्णबहादुर राई पदेन सदस्य हुने भएकाले उक्त पाँच सदस्यको बैठकले चन्दादाताहरु मध्येबाट निर्मला सेलवाल र शिक्षाप्रेमी मध्येबाट

## 'आज फो



## सात लाखले हेरे 'फोटो खिचेर'

अभिनेता कोशिस क्षेत्री स्टारर फिल्म 'माया पिरिम मंसीर २० गतेबाट देशव्यापी प्रदर्शनमा आउँदैछ । प्रेमकथामा आधारित भएर निर्माण भएको टेक पौरखी निर्देशित फिल्मको एक हप्ता अगाडि 'फोटो खिचेर' गीत सार्वजनिक भएको थियो । यो गीत अहिले चर्च छ । लेखु सहयात्री र विन्दु परियारको स्वरमा रहेको गीतलाई दर्शकले निकै रूचाएका छन् ।

अहिलेसम्म गीतमाथि झण्डै सात लाखको नजर परिसकेको छ । १२ हजार लाइक्स मिलेको गीत हेरेर तीन सय बढीले आफ्नो प्रतिक्रिया जनाएका छन् । कम अधिकांशले गीतको तारिफमा शब्द खर्चिएका छन् । को क्षेत्रीको संगीत र लेखु सहयात्रीको शब्द रहेको गीतमा लगाएका अभिनेता सलोन बस्नेत र मोडल अञ्जली अधिकारीको जोडीलाई पनि निकै रूचाइएको छ ।

गीतले फिल्मको हाइप निर्माणमा महत्वपूर्ण भूमिका खेलेकोमा निर्देशक राईले खुशी व्यक्त गरे । गीतका दर्शकमा फिल्मप्रति कौतुहलता बढेको उनको ठम्याइ

# सताक्षीधाम समितिमा विवाद



□ विनोद सापकोटा

**झिलझिले, मंसीर ५।** निर्वाचित भएको १० वर्ष बित्न लाग्दा पनि संस्थाको साधरण सभा एकै पटक नगर्दा झापाको सताक्षीधाम मन्दिर विकास समिति यतिवेला चरम विवादमा परेको छ।

पदाधिकारीबीच नै तालमेल नमिल्दा साधारण सभा हुन नसकेको भन्दै समितिका केही पदाधिकारी आरोप प्रत्यारोप गर्दै उम्किने गरेका छन्। कार्य अवधिको चार वर्षमा पनि निर्वाचित समितिले एकपटक पनि साधारण सभा नगरेको र कार्यकालको समय गुज्रिएको पनि पाँच वर्ष भएको बताइएको छ।

सताक्षीधाम मन्दिर बिकास समितिको ०६७ साल पुस १७ गते निर्वाचन भएको थियो। सो निर्वाचनमा स्थानीय प्रसाद सुब्बाले नेपाली कांग्रेसको समर्थनबाट तत्कालीन सतासीधाम सामुदायिक बनका अध्यक्ष गोपाल श्रेष्ठ (जगत)लाई भारी मत अन्तरले हराउँदै अध्यक्ष पदमा निर्वाचित भएका थिए।

समाचार श्रोतका अनुसार सताक्षीधाम मन्दिर विकास समिति स्वायत्त गैह्र सरकारी संस्था भए पनि यसको नवीवरण केही वर्षदेखि भएको छैन। गैह्र सरकारी संस्थाले सरकारलाई वार्षिक कर भुक्तानी गर्नुपर्छ। तर, सताक्षीधाम मन्दिर विकास समितिले सरकारलाई कर समेत भुक्तानी नगरेको समितिकै एक सदस्यले बताए।

आफूलाई सताक्षीधाम मन्दिर बिकास समितिको पदाधिकारी बताउने अध्यक्ष प्रसाद सुब्बा नेतृत्वको समूह गैह्र कानूनी समिति भएको शिवसताक्षी नगरपालिकाले जनाएको छ। 'कुनै पनि सार्वजनिक महत्वको सम्पत्तिको संरक्षण तीनवटै तहका सरकारले गर्छ। यसका दायित्व शिवसताक्षी नगरमा थपिएको छ' -नगरका प्रवक्ता नविन इजमले भने- 'बदमासी गर्न कसैलाई छुट छैन नगरले अब नियमन गर्छ।' समितिले न त कर तिरेको छ, न त नवीकरण नै गरेको छ, न त आर्थिक हिसाव सार्वजनिक नै गरेको छ।

समितिका अध्यक्ष प्रसाद सुब्बाको मनोमानीले गर्दा सताक्षीधाम मन्दिर बिकास समितिले साधारण सभा गर्न नसकेको एक पदाधिकारीले आरोप लगाए। उनले भने- 'पटक-पटक साधारण सभा गरौं भनेर अध्यक्षलाई आग्रह गर्‍यौं, उहाँले एक कानले सुन्नुहुन्छ अर्को कानले उडाइ दिनुहुन्छ' -उनले भने। यस्तो अवस्थामा कसरी साधारण सभा होला ? समितिको नियमित मिटिङ्ग पनि हुन नसकेको बताइएको छ।

अध्यक्ष सुब्बाले समितिका अन्य पदाधिकारी लगायत सदस्यले साथ नदिएकोले आफू एक्लो भएको बताए। उनले भने- 'गढबढी कतै केही छैन साधारण सभा भने गर्न नसकिएको स्वीकार्नुको विकल्प छैन। तर, अध्यक्ष स्वयम्ले अटेरी गरेपछि धाम विकास समितिको साधारण सभा नभएको हो। समितिको कमजोरी औंल्याउने हो भने हातखुट्टाका सबै औंला गनेर सकिन्छन्' -उनले भने।

अब साधारण सभा नगर्नुको विकल्प छैन। वार्षिक लेखा परीक्षण गरे पनि आम समुदायका अगाडि सार्वजनिकीकरण नगर्दा अनियमितताको टिकाटिप्पणी समेत हुने गरेको धामकै एक आजीवन सदस्यले बताए।

# कञ्चनगढ धाममा कञ्चन जलढाला मेला



**बिर्तामोड, मंसीर ५।** झापाको बाह्रदशी-६ कञ्चनगढधाम साधुकुटीस्थित गौरीशंकर गायत्रीस्वरुपाश्रम एवम् गौरीशंकर गायत्रीस्वरुप गुरुकुलमा बिहीबारबाट कञ्चन जलढाला धार्मिक मेला शुरु भएको छ।

वि.स.२०२७/२०२८ सालसम्म उक्त क्षेत्रमा कञ्चन जलढाला धार्मिक मेला सञ्चालन गर्दै आएपनि सुरक्षाको कारण देखाउँदै मेला स्थगीत गरिएको र गत वर्षदेखि मेला पुःन शुरु गरिएको संस्थाका अध्यक्ष ज्ञानु सुवेदीले बताए।

पहिले-पहिले उक्त क्षेत्रमा जंगल भएकाले जंगली जनावरको डर र त्रासले मेला भर्न नेपाल तथा भारतबाट आउने दर्शनार्थी असुरक्षित महशुस गर्दै आउन छाडेपछि मेला स्थगीत गरिएको र हाल उक्त क्षेत्र धार्मिक पर्यटकीय स्थलको रुपमा विकसित हुँदै गएपछि मेला पुःन शुरु गरिएको उनले बताए।

त्यहाँ गत आइतबारबाट सञ्चालन भइरहेको श्रीमद् आनन्द रामायण नवाह धान्याचल विराट ज्ञान महायज्ञको अवसरमा मेला शुर गरिएको संस्थाका अध्यक्ष सुवेदीले बताए। आगामी मंसीर ९ गतेसम्म सञ्चालन हुने मेलामा शिवजीलाई जल चढाउने कार्यक्रम रहेको उनले बताए।

त्यस्तै मेलामा पिङ, विभिन्न प्रकारका खेलका सामग्री, व्यापारिक स्टल लगायत रहने र मेला भर्न नेपाल तथा भारतबाट दर्शनाथी आउने उनले जानकारी दिए। गत आइतबारबाट सञ्चालन भइरहेको श्रीमद् आनन्द रामायण नवाह धान्याचल विराट ज्ञान महायज्ञमा आउने भक्तजनको संख्यामा उल्लेख्य वृद्धि भएको र श्रीराम कथा प्रवचनसँगै झाँकी र सत्संग भजन कीर्तन भइरहेको उनले जानकारी दिए।

श्रीमद् आनन्द रामायण नवाह धान्याञ्चल विराट ज्ञान महायज्ञको प्रमुख कथावाचन शंकराचार्य पीठ साधुटारका आचार्य छन्दुराम भण्डारी र पाठ पारायण आचार्य मनोज खतिवडाले गरिरहेको संस्थाका सदस्य धर्मप्रसाद चापागाईंले बताए।

# भगवतीमा 'विव्यस'



**अध्यक्ष : ओमप्रसाद पाठक**

**सुरुङ्गा, मंसीर ५।** कनकाइ नगरपालिका-५ स्थित भगवती आधारभूत विद्यालय चपामारीको अध्यक्षमा पुनः ओम प्रसाद पाठक चयन भएका छन्।

विद्यालयमा भएको अभिभावक भेलाबाट सर्वसम्मत गठित समितिमा मान बहादुर शाशंखर, रीता शाह, विष्णु पौडेल र सुनिता लकान्द्री सदस्यमा चयन भएका छन्। वडाध्यक्ष कृष्णबहादुर राई पदेन सदस्य हुने भएकाले उक्त पाँच सदस्यको बैठकले चन्दादाताहरु मध्येबाट निर्मला सेलवाल र शिक्षाप्रेमी मध्येबाट ओमप्रसाद पाठकलाई मनोनित गरेको थियो। त्यस्तै शिक्षक प्रतिनिधिमा रामकुमार पाठक चयन भएका छन्। उक्त समितिको बैठकले ओमप्रसाद पाठकलाई अध्यक्षमा चयन गरेको थियो। समितिको सदस्य सचिवमा विद्यालयका प्रधानाध्यापक खड्गप्रसाद बिमली रहेका छन्।

त्यसैगरी उक्त भेलाले गणेश सिटौलाको अध्यक्षतामा ११ सदस्यीय शिक्षक अभिभावक संघको गठन गरेको छ। नवगठित समितिका सदस्यहरुमा ख्याम लकान्द्री, कल्पना दास, पुष्पा सिन्च्युरी, कुलबहादुर कटुवाल, विष्णुमाया पाठक, सुष्मिता राई, सीता सोरेन, राजेन्द्रप्रसाद भण्डारी, पदेन सदस्यमा विद्यालय व्यवस्थाप समितिको अध्यक्ष र सदस्यसचिवमा खड्गप्रसाद बिमली रहेका छन्।

त्यसैगरी विद्यालयका पूर्व अध्यक्ष डिल्लीराम सेलवालको संयोजकत्वमा नौ सदस्यीय सल्लाहकार समिति समेत गठन भएको छ।

# विश्व शान्तिको कामना गर्दै सिंहवाहिनीमा महायज्ञ



**अर्जुनधारा, मंसीर ५।** झापाको अर्जुनधारा-४ रातेखालमा रहेको सिंहवाहिनी देवी भद्रकाली शक्तिपीठमा पद्म महापुराण धन धान्याञ्चल ज्ञान महायज्ञको तयारी गरिएको छ।

१८औं अनुष्ठानको अवसरमा विश्व शान्तिको कामनासँगै सम्पूर्ण प्राणी जगतको कल्याण होस् भन्ने उद्देश्यले आगामी मंसीर १५ गतेदेखि महायज्ञ आयोजना गरिएको पत्रकार भेटघाट गरी जानकारी दिइयो।


महायज्ञ आयोजना गर्न शनिश्चरे माध्यमिक विद्यालयका पूर्व विद्यार्थीहरुको समूह 'हामी ३८ से'का संयोजक शेखर प्रधानको संयोजकत्वमा दुई सय ५१ सदस्यीय महायज्ञ आयोजक समिति गठन गरिएको शक्तिपीठ व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र अधिकारीले बताए।

त्यसैगरी यामबहादुर अधिकारीको संयोजकत्वमा आर्थिक उपसमिति, भूपाल कार्कीको संयोजकत्वमा प्रचारप्रसार उपसमिति, सुरेन्द्र खोयाहाङको संयोजकत्वमा सुरक्षा उपसमिति, रञ्जित डाँगीको संयोजकत्वमा खाद्यान्न उपसमिति, धनबहादुर राईको संयोजकत्वमा पूजा व्यवस्थापन उपसमिति, डिल्ली तामाङको संयोजकत्वमा साउण्ड सिस्टम व्यवस्थापन उपसमिति गठन गरिएको छ।

प्रमुख कथा वाचक पण्डित होमनाथ खनाल रहेको महायज्ञमा उपवाचकहरु आचार्य पण्डित अनुप खनाल, पण्डित विवेक अधिकारी र पण्डित बालकृष्ण दाहालले पाठ पारायण गर्ने बताइएको छ। महायज्ञबाट संकलन भएको रकमले शक्तिपीठलाई आवश्यक भूमि विस्तार तथा परिसर घेराबारा गर्ने लक्ष्य समितिको रहेको कोषाध्यक्ष कोशी राईले जानकारी दिइन्। महायज्ञ सम्पन्न गर्न अनुमानित पाँच लाख रुपैयाँ खर्च लाग्ने बताइएको छ।

अध्यक्ष अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रममा महायज्ञ आयोजक समितिका सचिव घनेन्द्र बुढाथोकी, आर्थिक उपसमितिका संयोजक अधिकारी, साउण्ड सिस्टम व्यवस्थापन उपसमितिका संयोजक तामाङ लगायतले महायज्ञको विषयमा जानकारी गराएका थिए।

कार्यक्रमको सञ्चालन समितिकी सचिव जमुना थपलियाले गरेकी थिइन्।



अध्यक्ष : ओमप्रसाद पाठक

अध्यक्षमा पुनः ओम प्रसाद पाठक चयन भएका छन् ।

विद्यालयमा भएको अभिभावक भेलाबाट सर्वसम्मत गठित समितिमा मान बहादुर शाशंखर, रीता शाह, विष्णु पौडेल र सुनिता लकान्द्री सदस्यमा चयन भएका छन् । वडाध्यक्ष कृष्णबहादुर राई पदेन सदस्य हुने भएकाले उक्त पाँच सदस्यको बैठकले चन्दादाताहरु मध्येबाट निर्मला सेलवाल र शिक्षाप्रेमी मध्येबाट

त्यसैगरी उक्त भेलाले गणेश सिटौलाको अध्यक्षतामा ११ सदस्यीय शिक्षक अभिभावक संघको गठन गरेको छ । नवगठित समितिका सदस्यहरुमा ख्याम लकान्द्री, कल्पना दास, पुष्पा सिन्च्युरी, कुलबहादुर कटुवाल, विष्णुमाया पाठक, सुष्मिता राई, सीता सोरेन, राजेन्द्रप्रसाद भण्डारी, पदेन सदस्यमा विद्यालय व्यवस्थाप समितिको अध्यक्ष र सदस्यसचिवमा खड्गप्रसाद बिमली रहेका छन् ।

त्यसैगरी विद्यालयका पूर्व अध्यक्ष डिल्लीराम सेलवालको संयोजकत्वमा नौ सदस्यीय सल्लाहकार समिति समेत गठन भएको छ ।

शान्तिको कामनासँगै सम्पूर्ण प्राणी जगतको कल्याण होस् भन्ने उद्देश्यले आगामी मंसीर १५ गतेदेखि महायज्ञ आयोजना गरिएको पत्रकार भेटघाट गरी जानकारी दिइयो ।

महायज्ञ आयोजना गर्न शनिश्चरे माध्यमिक विद्यालयका पूर्व विद्यार्थीहरुको समूह 'हामी ३८ से'का संयोजक शेखर प्रधानको संयोजकत्वमा दुई सय ५१ सदस्यीय महायज्ञ आयोजक समिति गठन



गरिएको शक्तिपीठ व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र अधिकारीले बताए ।

त्यसैगरी यामबहादुर अधिकारीको संयोजकत्वमा आर्थिक उपसमिति, भूपाल कार्कीको संयोजकत्वमा प्रचारप्रसार उपसमिति, सुरेन्द्र खोयाहाङको संयोजकत्वमा सुरक्षा उपसमिति, रञ्जित डाँगीको संयोजकत्वमा खाद्यान्न उपसमिति, धनबहादुर राईको संयोजकत्वमा पूजा व्यवस्थापन उपसमिति, डिल्ली तामाङको संयोजकत्वमा साउण्ड सिस्टम व्यवस्थापन उपसमिति गठन गरिएको छ ।

प्रमुख कथा वाचक पण्डित होमनाथ खनाल रहेको महायज्ञमा उपवाचकहरु आचार्य पण्डित अनुप खनाल, पण्डित विवेक अधिकारी र पण्डित बालकृष्ण

रुपैयाँ खर्च लाग्ने बताइएको छ ।

अध्यक्ष अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रममा महायज्ञ आयोजक समितिका सचिव घनेन्द्र बुढाथोकी, आर्थिक उपसमितिका संयोजक अधिकारी, साउण्ड सिस्टम व्यवस्थापन उपसमितिका संयोजक तामाङ लगायतले महायज्ञको विषयमा जानकारी गराएका थिए ।

कार्यक्रमको सञ्चालन समितिकी सचिव जमुना थपलियाले गरेकी थिइन् ।

# 'आज फेरि' सार्वजनिक



गायक प्रमोद प्रसाईको आवाजमा रहेको गीतको म्युजिक भिडियो 'आज फेरि' सार्वजनिक भएको छ । प्रसाईं लामो समयदेखि सांगीतिक क्षेत्रमा क्रियाशील रहेका छन् ।

सुष्मा प्रसाई बिमलीको शब्द तथा लाबोनी प्रमोदको संगीत रहेको गीतको म्युजिक भिडियोमा सञ्चारकर्मी रमेश तिवारी, याम बिमली र सुजा पौडेलको अभिनय रहेको छ । सेल्फी मिडिया प्रालिको ब्यानरमा निमार्ण गरीएको 'आज फेरि'को निर्देशन सुन्दर लाओतीले गरेका हुन् ।

त्यस्तै शिरकुमार साम्पाङ्को छायांकन, निर्देशक लाओतीको सम्पादन तथा विकास धमलाको कलर रहेको छ । पछिल्लो समय बिभिन्न कारणले नेपालमा बढ्दै गएको सम्बन्ध विच्छेदको घटनालाई गीतको म्युजिक भिडियोमा उतारिएको निर्देशक लावतीले बताए ।

# सात लाखले हेरे 'फोटो खिचेर'

अभिनेता कोशिस क्षेत्री स्टारर फिल्म 'माया पिरिम' यही मंसीर २० गतेबाट देशव्यापी प्रदर्शनमा आउँदैछ । प्रेमकथामा आधारित भएर निर्माण भएको टेक पौरखी राई निर्देशित फिल्मको एक हप्ता अगाडि 'फोटो खिचेर' बोलको गीत सार्वजनिक भएको थियो । यो गीत अहिले चर्चामा छ । लेखु सहयात्री र विन्दु परियारको स्वरमा रहेको गीतलाई दर्शकले निकै रूचाएका छन् ।

अहिलेसम्म गीतमाथि झण्डै सात लाखको नजर परिसकेको छ । १२ हजार लाइक्स मिलेको गीत हेरेर साढे तीन सय बढीले आफ्नो प्रतिक्रिया जनाएका छन् । कमेन्टमा अधिकांशले गीतको तारिफमा शब्द खर्चिएका छन् । कोशिश क्षेत्रीको संगीत र लेखु सहयात्रीको शब्द रहेको गीतमा ठुम्का लगाएका अभिनेता सलोन बस्नेत र मोडल अञ्जली अधिकारीको जोडीलाई पनि निकै रूचाइएको छ ।

गीतले फिल्मको हाइप निर्माणमा महत्वपूर्ण भूमिका खेलेकोमा निर्देशक राईले खुशी व्यक्त गरे । गीतका कारण दर्शकमा फिल्मप्रति कौतुहलता बढेको उनको ठम्याइ छ ।



फिल्ममा कोशिस क्षेत्री, सलोन बस्नेत, किरण चन्द, अन्जली अधिकारी, विशाल पहारी, जयनन्द लामा, अर्जुन गुरूङलगायतको अभिनय छ । फिल्मको कथा सविन अधिकारीले लेखेका हुन् ।

सागर बस्नेत र कोषराज दाहाल कार्यकारी निर्माता रहेको फिल्म 'माया पिरिम' को सह–निर्मातामा मोहन मरासैनी र युवराज दाहाल रहेका छन् । प्रविन थापा र सविन अधिकारी फिल्मका निर्माता हुन् । यो फिल्मलाई निरज कँडेलले खिचेका हुन् । फिल्ममा श्री श्रेष्ठको द्वन्द्व छ । निर्देशक राईले फिल्म राम्रो बनेको बताउँदै दर्शकलाई एकपटक हेरिदिन आग्रह गरेका छन् ।


इन्दै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो

**हार्दिक श्रद्धाञ्जलि**

हाम्रा श्रद्धेय परम् पूजनीय पति, पिता, हजुरबुवा तथा समस्त परिवारका अभिभावक **पं. त्रिलोचन सुवेदी**को १३औं पुण्य तिथिमा धामवासी आत्माको चिर शान्तिका लागि भावपूर्ण श्रद्धासुमन प्रकट गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण महानुभावहरू, संघ-संस्था, इष्टमित्र तथा छरछिमेक र आफन्तजनमा हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्दछौं ।

जन्म :
**वि.सं १९८८ कात्तिक २३ गते, सोमवार**



**स्व. त्रिलोचन सुवेदी**

देहावसान :
**वि.सं २०७६ कात्तिक २४ गते, आइतवार**

**श्रीमती : मेनुका सुवेदी**

**छोरा/बुहारीहरू**
**जीवनाथ/कमला सुवेदी**
**राम/महेश्वरी सुवेदी**
**......../चम्पा सुवेदी**
**भक्तिप्रसाद/सरस्वती सुवेदी**
**दामोदर/रुपा सुवेदी**
**देवराज/निना सुवेदी**
**श्याम/संगीता सुवेदी**

**छोरी/ज्वाइँ**
**राधा/प्रा.डा. चक्रपाणि लुइँटेल**

**नाति/नातिनीहरू**
**आशिक सुवेदी, डा.अनुषा लुइँटेल सुरक्षा सुवेदी**
**अनिष सुवेदी आशय लुइँटेल सौरभी सुवेदी**
**प्रार्थना सुवेदी सौगात सुवेदी निर्देश सुवेदी**

तथा **सम्पूर्ण सुवेदी परिवार**
**कनकाई नगरपालिका–४, सुरुङ्गा, झापा**